# जनप्रकाश दर्पण-२०७७

## बार्षिक प्रतिबेदन

### आ.ब. २०७६/०७७



## जनप्रकाश बहुमुखी क्याम्पस


पोखरा महानगर पालिका वडा नं २९ कास्की

०६१-५६१३७८, ९८५६०६१३७८

स्थापना २०६२।०४।२६

E-mail: info@janaprakash.edu.np

Website: Janaprakash.edu.np

# जनप्रकाश दर्पण

## बार्षिक प्रतिबेदन २०७६।०७७

**संरक्षक**

जनप्रकाश बहुमुखी क्याम्पस

संचालक समिति

**दर्पण प्रकाशन सल्लाहकारहरू**

श्री पूर्व मेजर, रामप्रसाद गुरुङ्ग - उपाध्यक्ष क्याम्पस सञ्चालक समिति

श्री ऋषिराम बुढाथोकी - क्याम्पस प्रमुख

श्री कृष्णराम भण्डारी संयोजक - Research Cell Unit

श्री कृष्ण प्रसाद तिवारी संयोजक - QAA Focul Person/SSR

श्री अर्जुन ओझा संयोजक - EMIS/Student Counceling Unit

**संयोजन**

क्याम्पस प्रशासन

**सम्पादन सहयोगी**

श्री गणेश गुरुङ्ग - लेखापाल


**प्रकासक**

**जनप्रकाश बहुमुखी क्याम्पस**

पोखरा महानगर पालिका - २९, भण्डारढिक, कास्की

फोन नं ०६१-५६१३७८,

www.janaprakash.edu.np

Email: info@janaprakash.edu.np

**जनप्रकाश बहुमुखी क्याम्पस**

पोखरा महानगर पालिका - २९, भण्डारढिक, कास्की

फोन नं ०६१-५६१३७८,

www.janaprakash.edu.np

Email: info@janaprakash.edu.np

जनप्रकाश दर्पण - २०७७

प्रतिबेदन प्रकाशित मिति २०७७।०८।१०
(प्रतिबेदन पुन प्रकाशित मिति २०७७।११।१६)
क्याम्पस संचालक समिति बाट अनुमोदित २०७७।०७।२६

मुद्रण: सुवाणी अफ्सेट प्रेस, नयांबजार पोखरा, फोन नं ०६१-५२३२८२

# प्रकाशकिय

जनप्रकाश बहुमुखी क्याम्पसको आ.ब.**२०७६।०७७ को बार्षिक प्रतिबेदन "जनप्रकाश दर्पण"** लिएर आउन पाउदा हामीलाई अत्यन्त हर्षकोअनुभूती भएको छ। यस अंकमा हामीले क्याम्पसको ऐतिहासिक पृष्ठभूमि देखी दुर भविष्यका धेरै संम्भाबनाहरुलाई समेटने अवसर पाएका छौ। यो संस्करण नै पूर्ण होईन। धेरै समेटन पर्ने कुराहरुछुटेका हुन सक्छन हामी  तिनलाई आगामी संस्करणमा समेटने छौ। भविष्यमा पनि प्रत्येक बर्ष यो कार्यलाई निरन्तरता दिने छौ।

जनप्रकाश बहुमुखी क्याम्पस न्यून शुल्कमा गुणस्तरीय र समयानुकुलको शिक्षा दिने लक्ष्य र उद्देश्य लिएर स्थापना भएको हो। क्याम्पसले प्रत्येक बर्ष गुणस्तरमा बृद्धि, संख्यात्मक बृद्धि र भौतिकसंरचना बिकास गरिरहेको छ। आफ्नो स्वामित्वमा रहेको भवनको दोस्रो तलासम्पन्न गरी तेस्रो तलाको निर्माण कार्य  अगाडी बढाईनेछ।। यसका लागी बिश्वबिद्यालय अनुदान आयोग को उच्चशिक्षा सुधार परियोजना र यस क्याम्पसको आन्तरिक स्रोत परिचालन गरिएको हो। साथै स्थानिय सरकार, प्रदेश सरकार र अन्य सहयोगी सस्था तथा चन्दादाताहरु संग सहकार्य गरिनेछ।

जनप्रकाश दर्पण नामक यस वार्षिक प्रतिवेदन प्रति हामीले एक शैक्षिक वर्षमा क्याम्पसबाट भए गरेको शैक्षिक प्रशासनिक, भौतिक, सामाजिक तथा बित्तीय झलकहरु छोटकरीमा प्रस्तुत गरेका छौ।यस अर्न्तगत क्याम्पस प्रमुख, बिभागीय प्रमुख, छात्रबृत्ति छनोट समिति, लेखा समिति आदिका बार्षिक गतिविधिहरुलाई समेत समेटेका छौ। शैक्षिक बिकासकालागि गरेका प्रयत्नहरु र विश्वविद्यालय अनुदान आयोग बाट QAA प्राप्त गर्न भएका प्रयत्नहरुलाई पनि समेटेका छौं।

यस अंकमा क्याम्पसको व्यवस्थापन पक्ष, शैक्षिक गतिविधी र अन्य पक्षहरुलाई समेटिएको छ। स्थापना काल देखि हालसम्म क्याम्पस स्थापना, विकास र संचालनमा सबै किसिमले सहयोग गर्ने शिक्षक, कर्मचारी, स्थानीय संघ संस्था, क्याम्पसका शुभेच्छुकहरु तथा सरोकारवाला सबै प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौ। यस प्रतिबेदनको छपाईकालागि सम्पादन तथा अन्य सबै कार्यको सहयोग गर्ने साथीहरु तथा प्रेस परिवारप्रति धन्यबाद दिन चाहन्छौ।

**प्रधान सम्पादक**



# शुभकामना

अन्अन्नपुर्ण हिमश्रृंखलाको काखमा रहेको पोखरा उपत्यका अन्तर्गत पोखरा लेखनाथ महानगरपालिका बडा नं २९ भण्डारढिक कास्कीमा पृथ्वी राजमार्ग संगै लेखनाथ रंगशाला संग जोडिएर रहेको समुदायबाट सन्चालित यस जनप्रकाश बहुमुखी क्याम्पसले त्रि. बि. बाट मिति २०६२।०४।२६ मा सम्बन्धन प्राप्त गरी जनप्रकाश मा. बि. को भवनमा संचालनमा आएको हो । बिद्यालयको भवनमा करीब १३ बर्ष संचालनमा रही आफ्नो अथक मेहनत र परिश्रमबाट यस क्याम्पसले आज आफ्नै स्वामित्वको भवनमा कक्षाहरु संचालन गरेको सुखद अनुभूति गरेको छ । यस अवसरमा स्थापना कालका सबै संस्थापक लगायत क्याम्पसलाई यहाँसम्म ल्याई पु¥याउन महत्वपुर्ण योगदान दिने सबैलाई हामी धन्यबाद तथा कृतज्ञता ज्ञापन गर्दछौ ।

**क्याम्पसका गतिविधिहरु**

★ गुणस्तरीय शिक्षाकालागि शैक्षिक सुधार गरी शैक्षिक तथा प्राज्ञिक केन्द्रका रुपमा विकास गर्ने उद्दे श्यका साथ आधुनिक प्रविधिको समयसापेक्ष वातावरण तयार गरी शैक्षिक रुपमा क्याम्पसलाई आकर्षणको के न्द्र बनाउन क्याम्पस कृयाशील छ ।

★ उच्च शिक्षालाई दिगो रुपमा सन्चालन गर्न, सबैमा शिक्षाको पहुच पु¥याउन, मानिसलाई सभ्य र सम्पन्न जीवन जिउन सहयोगी भूमिका खेल्ने उद्देश्यका साथ स्थापना भएको यस क्याम्पस विश्वविद्यालय अनुदान आयोग बाट HERP कार्यक्रममा छनोट भई क्याम्पसले SSR Report मिति २०७७-०३-१८ गते पेश गरी UGC बाट प्राप्त सुझाब तथा निर्देशनका आधारमा पुन तयारी गरी पठाउने तयारी गरीएको छ र QAA certificate लिने प्रयास गरिएको छ ।

★ क्याम्पसको संगठनात्मक स्वरुपमा क्याम्पस साधारण सभा, संचालक समिति, अर्थिक लगायत विभिन्न उपसमितिहरु रहेका छन ।

★ क्याम्पसलाई गतिशील र व्यवस्थित गर्न प्रध्यापकहरु मध्येबाट EMIS Co-ordinator, Research Coordinator, SSR Co-ordinator को जिम्मेवारी तोकेर काम भईरहेको छ ।

★ क्याम्पसमा हाल २४७ जना बिद्यार्थीहरु बि बि एसका प्रथम बर्ष देखि चौथो बर्ष सम्म अध्ययनरत छन ।

★ क्याम्पसको करिब १० रोपनी आफ्नो स्वामित्वको भोगाधिकार भएको जग्गामा ४ तलासम्म जानसक्ने गरी अत्याधुनिक डिजाईन गरेर भवन निर्माणाधिन छ । क्याम्पसको सबै पठन पाठन यसै भवनमा भईरहेका छन । छात्र तथा छात्रा शौचालय भवन संगै रहेको छ ।

★ भवन निर्माणमा हाल सम्म करिब दुईकरोड तिसलाख खर्च भैसकेको छ भने पुरै सम्पन्न गर्न अझै करिब ३ करोड आवश्यक पर्ने अनुमान गरिएको छ ।

★ Covid-19,का कारण क्याम्पसले अनलाईन कक्षाहरु सञ्चालन गरेको छ ।

जनप्रकाश बहुमुखी क्याम्पसको वार्षिक प्रतिबेदनको संक्षिप्त विवरण रहेको “जनप्रकाश दर्पण-२०७७” ले क्याम्पसका सम्पूर्ण गतिविधिहरु समेटेर प्रकाशन हुन गएको यस सुखद् अवसरमा क्याम्पसका सम्पूर्ण सिनेट सदस्यहरु, संस्थापकहरु, क्याम्पसको स्थापना र विकासमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने समाजसेवी, राजनीतिकर्मी, युवा क्लव, आमा समूह, सरकारी तथा गैरसरकारी निकायहरु, बिद्यार्थी सबै मा आभार ब्यक्त गर्दछु । यस “जनप्रकाश दर्पण-२०७७” प्रकाशनमा रात दिन खट्नु हुने क्याम्पस प्रमुख तथा कर्मचारीहरु सबै प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसले भविष्यमा पनि निरन्तरता पाउने छ साथै यसमा समेट्न नसकेका कुराहरु भविष्यमा समेटिने र कुनै त्रुटी भएमा भविष्यमा सुधार गरिनेछन भन्ने विश्वास दिलाउन चाहन्छु ।

**कृष्णहरी भण्डारी**

**अध्यक्ष**

क्याम्पस संचालक समिती

# क्याम्पसले प्रदानगर्ने सेवा प्रवाह

## क्याम्पस वडापत्र

| क्र.सं. | सेवाको किसिम | आबश्यक कागजात | लाग्ने दस्तुर | समय | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | नयां भर्ना | १.अघिल्लो तह उत्तिर्ण भएको मार्कसिटको प्रतिलिपि | रु. ७१०० | १५ मिनेट | प्रशासन |
| २ | स्थानान्तरण भई आउने | १. निबेदन<br>२. अघिल्लो तहको परीक्षा दिएको प्रवेश पत्र ३.सम्बन्धित क्याम्पसको पत्र | रु.४००० | २० मिनेट | प्रशासन |
| ३ | स्थानान्तरण भई जाने | १. निवेदन<br>२. लाईब्रेरी र लेखा क्लीयरेन्स<br>३.सम्बन्धित क्याम्पसको पत्र | निशुल्क | २० मिनेट | प्रशासन |
| ४ | परीक्षा फारम | सूचना अनुसार माग गरिएको परीक्षा रोल नं | सूचना बमोजिम | २० मिनेट | प्रशासन |
| ५ | त्रि.बि.रजिष्ट्रेशन सम्बन्धी फारम भर्ने क्याम्पसले जारी गरेको समय भित्र भर्नु पर्ने | १. S.L.C को Marksheet को प्रतिलिपि, Character Certificate, School Leaving certificate<br>२ .कक्षा १२ को Transcript र Character Certificate<br>३. Provisional Certificate को प्रतिलिपि ४. Migration Certificate को सक्कल<br>५. Supplementary Certificate ( Only for partial) | रु. ५०० | २० मिनेट | प्रशासन |
| ६ | चारित्रिक प्रमाणपत्र निकाल्न | १. तोकिएको फारम भर्नु पर्ने<br>२. त्रि बि बाट प्राप्त Transcript को प्रतिलिपि<br>३. क्याम्पस पोशाक लगाएको फोटोदुई प्रति<br>४. रुजुका लागि सक्कल Transcript | रु. १००० | २ दिन | प्रशासन |
| ७ | परिचयपत्र | १ फोटो १ प्रति क्याम्पस पोशााक सहित<br>२ प्रतिलिपि झिक्नु परेमा निबेदन | रु १०० प्रतिलिपिका | ४ दिन | प्रशासन शाखा |
| ८ | अध्यनरत प्रमाणपत्र | १. निवेदन | | १ दिन | |
| ९ | पुस्तकालय नाम दर्ता | १. भर्ना भएको रसिद देखाउनु पर्ने<br>२. फोटो १ प्रति | | ३० मिनेट | प्रशासन |

# जनप्रकाश बहुमुखी क्याम्पस संचालक समिति

(गठन मिति २०७५।११।२८)

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री कृष्णहरी भण्डारी | पोखरा लेखनाथ २९ | ९८५६०२४६३९ |
| २ | उपाध्यक्ष | मेजर, श्री राम प्रसाद गुरुङ्ग | पोखरा लेखनाथ २९ | ९८४६११६९३० |
| ३ | त्रि.वि.प्रतिनिधि | प्रो.डा.कुशुमाकर न्यौपाने | त्रि.वि.पि.एन.क्याम्पस | ९८४६०२७२०८ |
| ४ | सदस्य | श्री दिपक मणी भण्डारी | पोखरा लेखनाथ २९ | ९८५६०२०७४६ |
| ५ | सदस्य | श्री कुमार सुनार | पोखरा लेखनाथ २९ | ९८५६०३२२०५ |
| ६ | सदस्य | श्री जंग बहादुर गुरुङ्ग | पोखरा लेखनाथ २९ | ९८४६०४६७३० |
| ७ | सदस्य | श्री गिरीराज गौतम | पोखरा लेखनाथ २६ | ९८५६०२२९९९ |
| ८ | सदस्य | श्री निर्मला पौडेल | पोखरा लेखनाथ २९ | ९८४६४५३१३१ |
| ९ | सदस्य | श्री दयाराज भण्डारी | पोखरा लेखनाथ २९ | ९८४६०६९७०७ |
| १० | सदस्य | प्रतिनिधि लेखनाथ नगरपालिका | पोखरा लेखनाथ | ९८४६०२९१०५ |
| ११ | सदस्य | प्रतिनिधि लेखनाथ उद्योग बाणिज्य संघ | पोखरा लेखनाथ २९ | ९८५६०२४६३९ |
| १२ | सदस्य | प्र अ जनप्रकाश मा. बि. | पोखरा लेखनाथ २९ | ९८५६०६१३७४ |
| १३ | पदेन सदस्य | प्राध्यापक प्रतिनिधि, अर्जुन ओभा | पोखरा लेखनाथ २९ | ९८५६०६१३२० |
| १४ | पदेन सदस्य, त्रि बि प्रतिनिधी | प्रा.डा.बेदनाथ शर्मा | पोखरा लेखनाथ २९ | ९८५६०२२१७३ |
| १५ | सचिब क्याम्पस प्रमुख | ऋषि राम बुढाथोकी | पोखरा लेखनाथ ३१ | ९८५६०६१३७८ |

# क्याम्पस सल्लाहकार समिति

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | अध्यक्ष | केशर प्रसाद निर्दोषि | पोखरा लेखनाथ ३३ | ९८४६०४५२२२ |
| २ | सदस्य | माधव भण्डारी | पोखरा लेखनाथ २९ | ९८५६०२४६३९ |
| ३ | सदस्य | कृष्ण राज पौडेल | पोखरा लेखनाथ २९ | ९८५६०६१४०२ |
| ४ | सदस्य | चेत बहादुर गुरुङ्ग | पोखरा लेखनाथ २९ | ९८४६०२४१०७ |
| ५ | सदस्य | अक्कल बहादुर कार्की | पोखरा लेखनाथ २९ | ९८५६०२७९३४ |
| ६ | सदस्य | बिन्दु भण्डारी | पोखरा लेखनाथ ३२ | ९८४६७२५५२९ |
| ७ | सदस्य | खगेन्द्र राज आचार्य | पोखरा लेखनाथ २६ | ९८४६०३३८१२ |



# शुभकामना

जनप्रकाश बहुमुखी क्याम्पसको १५औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथी ज्यू, क्याम्पस प्रमुख ज्यु, कार्यसमितीका साथीहरु, भु. पु. अध्यक्षहरु, भु. पु. क्याम्पस प्रमुख, अतिथिहरु, यस बार्षिक साधारण सभामा भाग लिन आउनुभएका सिनेट सदस्यहरु, क्याम्पसका प्राध्यापकहरु, बिद्यार्थी भाइबिहनीहरु, पत्रकार तथा उपस्थित सबै महानुभावहरुमा यस क्याम्पसको उपाध्यक्षको तर्फबाट र क्याम्पस समितीको तर्फबाट सबैलाई कार्यक्रममा स्वागत गर्दछु । क्याम्पसका बारेमा धेरै कुराहरु तपाईहरुले अध्यक्ष र क्याम्पस प्रमुखको प्रतिबेदन बाट अबगत हुनुहुनेछ । आजको प्रतिस्पर्धा र बदलिदो परिवेशमा सबै क्षेत्रमा गुणस्तर कायम हुनुपर्ने बिश्वब्यापी मान्यता र माग बमोजिम हाम्रो क्याम्पस पनी २०७४ सालमा विश्वविद्यालय अनुदान आयोगबाट नेपालमा प्राप्तहुने QAA Certificate लिनका लागी आबस्यक कार्यहरु गरिरहेको अबगत गराउन चाहन्छु । 31 August 2017 मा क्याम्पस ले बिश्वबिद्यालय अनुदान आयोग बाट Quality Assurance and Accreditation (QAA) System मा सहभागी हुनका लागी योग्य रहेको भनी निर्णय भएको हो । सो पश्चात क्याम्पस लाई QAA सहभागी हुन Self Study Report ( SSR) तयार गर्न बाटो खुलेको यहांहरु समक्ष जानकारी गराउन चाहन्छु ।

QAA Certificate प्राप्त गर्ने र त्यसलाई बचाई राख्ने बिषय असाध्यै गाह्रो काम रहेछ । यो प्राप्त गर्न बिभिन्न ४ वटा चरणहरु छन । ती सबैमा पास गर्नै पर्छ । कुनै भनसुनले हुदैन । यो बास्तबिक प्रमाणमा, मुल्यांकन, लेखाजोखा र बिषेशणमा आधारित काम हो । नेपाली माात्र नभएर बिदेशी बिशेषज्ञहरुको अनुगमन, मुल्यांकन र बिश्लेषणका आधारमा कामहरु, निर्णयहरु हेरेर मात्र सिफारीस हुन्छ । सोही सिफारिसका आधारमा मात्र QAA प्राप्त गरिने हो एक पटक पाएर हुदैन यसलाई पांच पांच बर्षमा नबिकरण गर्नुपर्दछ । यो साईकल हो निरन्तर घुमिरहन्छ । पांच बर्ष पुगे पछाडी नबिकरण गर्दा पुन सुन्य बाट नै सुरु गर्नपर्दछ ।

**QAA Certificate प्राप्तगर्न केही न्युनतम कुराहरु अनिबार्य हुनु पर्दछ । ती निम्न छन ।**

१. क्याम्पसको नाममा रहेको वा स्वामित्व रहेको १० रोपनी जग्गा हुनु पर्ने ।

२. पर्याप्त सुबिधा भएको आफ्नो भवन हुनु पर्ने ।

३ क्याम्पस प्रमुख पुर्णकालिन वा स्थायी हुनुपर्ने ।

५. ५० प्रतिशत प्राध्यापक कर्मचारी पूर्णकालिन वा स्थायी, बाकी ५० प्रतिशत, करार वा आंशिक भए हुने ।

६. ५० प्रतिशत कर्मचारी स्थाई वा पुर्णकालिन हुनुपर्ने ।

७. बिश्वबिद्यालय अनुदान आयोगका ले निर्धारण गरेका मापदण्ड अनुसार बिधान, निर्देशिका, रणनितिक योजना, इकाइ (सबैको काम कर्तब्य र अधिकार स्पष्ट तोकीएको हुनुपर्ने) आदी

८. software Installation आदी

यसरी QAA Certificate लिन र स्तरिय क्याम्पस संचालन गर्न माथिका कामहरु हामीले गर्ने पर्दछ । यी अनिबार्य शर्तहरु हुन । हामीसंग यी कुराहरु छन् छैनन् लेखाजोखा गर्नु र नभएका कुराहरुको पुरा गर्नु हाम्रो कर्तब्य भएकोले आजको यस सभामा यस सम्बन्धी निती नियम र पूर्बाधार बनाउन अनुमतीका लागी पनी म प्रस्ताब गर्दछु। माथीका धेरैजसो कुराहरु बनिसकेका छन। अब प्राध्यापकहरुको दरबन्दी निर्धारण, ब्यबस्थापन र पदस्थापन यसै बर्ष गरिने छ।

बिश्वबिद्यालय अनुदान आयोग अर्न्तगत उच्च शिक्षा सुधार परियोजना लागु भएका ( Higher Education Reform Project- HERP) क्याम्पस हरु मध्ये जनप्रकाश बहुमुखी क्याम्पस पनी एउटा सामुदायिक क्याम्पस हो । यो सुबिधा सरकारी र सामुदायिक क्याम्पस लाई मात्र रहेको छ। यस अर्न्तगत क्याम्पसहरुले बिभिन्न क्षेत्रहरु पुर्बाधार बिकास, फर्निचर तथा फर्निसिङ्ग, पुस्तकालय, कम्पुटर तथा सफ्टवेयर जडान, आदी बिषयमा सहयोग प्राप्त गर्दछन । त्यसमा ३३% क्याम्पसले लगानी गर्नु पर्दछ भने ६७% काम सम्पन्न भए पस्चात UGC बाट स्रोत परिचालन (Resource Mobilization) अर्न्तगत प्राप्त हुन्छ। यस अर्न्तगतका सबै कामहरु सार्बजनिक खरिद ऐन २०६३ को सिमा भित्र रहेर मात्र गर्नु पर्दछ।

HERP अर्न्तगत यस क्याम्पसले आर्थिक बर्ष २०७५/०७६ मा रु७३३३२७२.१७ (अक्षरुपी त्रिहत्तरलाख तेत्तीसहजार दुईसय बहत्तर र पैसा सत्र मात्र ) बराबरको काम गरी त्यस बापत ६६.६७ प्रतिशत जम्मा रु ४८८८८३३.९१ (अक्षेरुपी अड्चालिस लाख अठासीहजार आठसय तेत्तिस र पैसा एकानब्बे मात्र )प्राप्त गरेको थियो । आ ब २०७६।०७७ मा प्रस्ताबित रु ७६५००००.०० ( छ्यहत्तर लाख पचासहजार मात्र) को कार्यक्रम विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको र काम गर्न स्विकृती समेत भएकोमा त्यस अर्न्तगतका ४ बटा आयोजनाको सर्बजनिक खरिद ऐन २०६३ अर्न्तगतको सिमाभित्र रही बोलपत्र आह्वान गरी निर्माण तथा खरिद गर्ने निर्णय समेत भएकोमा बिश्वब्यापी माहामारी covid-19 का कारण सबैकाम सम्पन्न गर्न सकिएन। यस अर्न्तगत भबन निर्माण आदी अर्न्तगतको काम क्याम्पस गेट वनाएर बाकी काम स्थगित गर्न क्याम्पस बाध्य भएको कुरा यहा राख्न चाहन्छु। क्याम्पस भवन क्वारेन्टाईन संचालनमा समेत पोखरा महानगरपालिकाको पत्र मार्फत माग भएकोले यस बिपडको घडीमा हामीले सामाजिक उत्तरदायित्व यसै गरी कम्पुटर तथा सफ्टवेयर खरिद अर्न्तगत करिब नौ लाख बराबरको शिलबन्दी बोलपत्र रद्ध गरियो । क्याम्पस संग पर्याप्त रकम नभएको, काम सम्पन्न गरेपछी मात्र रकम प्राप्त हुने र रकम आउन समेत ८-१० महीना लाग्ने हुदा यी आयोजना समेत रद्द गर्न क्याम्पस बाध्य भएको यहाहरुलाई जानकारी गराउन चाहन्छु। फर्निचर तथा फर्निसिङ्ग, पाठ्यपुस्तक खरिद अन्तर्गतका कामहरु आ.व २०७६।०७७मा सम्पन्न गरी बिश्व बिद्यालय अनुदान आयोगमा आबस्यक कागजातहरु राखीपेश गरिएको छ। त्यहाबाट रकम प्राप्त हुन बाकी रहेको छ। ती काम सम्पन्न गर्न क्याम्पस संग पर्याप्त रकम नभएको हुदा क्याम्पसका अध्यक्ष ज्यु जमानि बसी समृद्धि सहकारी बाट रु आठ लाख रुपया ऋण लिएको जानकारी गराउदछु।

हालसम्म क्याम्पस ले SSR को प्रारम्भीक प्रतिबेदन UGC मा पेश गरिसकेको र त्यस सम्बन्धमा सो प्रतिबेदन अध्ययन भईरहेको E-mail प्राप्त भएको छ। भबिष्यमा एउटा मात्र संकाय बाट यस क्षेत्रको बृहत्तर शैक्षिक बिकास नहुने भएकोले नयां संकायहरु थप गर्ने प्रस्ताब यस साधारण सभामा पेश गर्दछु। थप हुने

संकायहरु र तहहरु निम्न छन ।

१. स्नातक तहमा Hotel Management, Travel and Tourism Management

२. स्नात्तकोत्तर तहमा MBS, MBA

३. स्नात्तक तहमा बि.एड, एल.एल.बि, मानबिकी आदी ।

४. कक्षा ११र १२ का कोर्षहरु र कक्षा संचालन ।

५. प्राबिधिक बिषयहरु  जस्तै ईन्जिनियरिङ्ग, कृषि, Food Science, Bakery, CTEVT का कार्यक्रम आदी


यस बाहेक अन्य बिषयहरु आबश्यकता, औचित्य र सम्भावनाका आधारमा क्याम्पस संचालक समितिको निर्णय अनुसार थप गर्न सकिने अख्तियारी प्रदानगर्न अनुरोध गर्दछु ।

अन्तमा यस क्याम्पसको साधारण सभामा सहभागी भई क्याम्पसको भावी योजना, निति, रणनिती तर्जुमा गर्न सकृय हुने सबै प्रति धन्यबाद दिन चाहन्छु । खरिद तथा निर्माण समितीमा रही सहयोग गर्नुहुने क्याम्पस प्रमुख ज्यु, निर्माण तथा खरिद समितिका सदस्यहरु श्री सुरेन्द्र राज अधिकारी, मनदेबी गुरुङ्ग, प्रेमकला आचार्य, सहायक क्याम्पस प्रमुख, कर्मचारीहरु, समयमा निर्माण तथा सामान आपूर्ती गर्ने निर्माण कम्पनी तथा ब्यबसायीक फर्महरु लाई हार्दिक धन्यबाद दिन चाहन्छु । भबिष्यमा पनी सधै यस क्याम्पस लाई सबैबाट आबस्यक सहयोग प्राप्त हुनेनै छ भन्ने आशा गर्दछु ।



**उपाध्यक्ष मेजर राम प्रसाद गुरुङ्ग**
**तथा**
**अध्यक्ष निर्माण तथा खरिद समिती**
**क्याम्पस संचालक समिती**

# शुभकामना



जनप्रकाश बहुमुखी क्याम्पस पोखरा २९ कास्कीको यस साधारण सभामा क्याम्पसको शैक्षिक गतिबिधी र यसको संचालनका लागी आबस्यक दक्ष जनशक्तीको बिषयमा मेरो तर्फबाट प्रतिबेदन पेश गर्न पाउदा खुसी लागेको छ । २०६२ सालमा स्थापित यस सामुदायिक क्याम्पसको शैक्षिक प्रगती लाई मैले संक्षिप्तमा ३ किसिमले बर्गिकरण गरेको छ ्।

<u>तपसिल</u>

१. पूर्बाधार बिकास

२. शैक्षिक प्रगती (संख्यात्मक बृद्धि )

३. गुणस्तर बृद्धि

जनप्रकाश माध्यामिक बिद्यालयको भवन र फर्निचर लाई आधार मानेर स्थापना भएको यस क्याम्पसको स्थापनामा यस क्षेत्रका समाजसेवी, राजनितिज्ञ, युवा समुह तथा महिला समुह, उद्योगी ब्यापारीहरुको महत्वपुर्ण योगदानलाई नकार्न सकिदैन । यस बिद्यालयको सहयोग र पहल पनी महत्वपूर्ण रहेको छ । यसै बिद्यालय परिसरमा रहेको यस क्याम्पसलाई बिद्यालयले २०६८ सालमा करीब १० रोपनी जग्गा उपलब्ध गराएपछी २०७० देखी क्याम्पस को भवन निर्माण सुरु भएको छ। यो हालपनी निर्माणाधिन अबस्थामा छ। हाल क्याम्पस मा ८ वटा कक्षा कोठा, ३ वटा अफिसकोठा, १ लाईब्रेरी, १ सभाहल र १ बैठक कोठा रहेका छन । महिला र पुरुष शौचालयको ब्यबस्था रहेको क्याम्पस यसै बर्ष देखी आफ्नो मुल गेट रहेको छ।

२०६२ मा २६ जना बिद्यार्थी बाट कक्षा संचालन गरेको यस क्याम्पस मा हाल २४७ बिद्यार्थी रहेका छन । क्याम्पसको शैक्षिक अबस्था संख्यात्मक रुपमा सुधारात्मक भएपनी ढुक्क हुने अबस्था छैन । संख्यात्मक बृद्धिलाई पनी ध्यान दिनु पर्दछ। शैक्षिक गुणस्तर का. लेखाजोखा गर्दा तुलनात्मक रुपमा ठिकै मान्नु पर्दछ। तर भबिष्यमा धेरै मिहेनत गर्नुपर्ने आबस्यकता देखीन्छ। गुणस्तरीय शिक्षा बिना क्याम्पसको प्रगती र बिकास सम्भव हुदैन। त्यसैले क्याम्पसको शैक्षिक गुणस्तर उकास्नका लागी आबस्यक निति र रणनिती बनाएर काम गर्नु पर्ने देखीन्छ। त्यसका लागी संचालक समितिको अनुगमन हुनु पर्ने देखीन्छ त्यस सम्बन्धी कार्यक्रम र रणनिती क्याम्पस संचालक समितीले लिन आबस्यक परेकोले समय समयमा क्याम्पसको संचालक समिती, प्राध्यापक, कर्मचारी र अभिभावकहरुको बैठक बर्षमा कम्तीमा २ पटक राख्नसके उपयुक्त हुने देखीन्छ। अन्तमा शैक्षिक प्रगतीका सुचकहरु क्याम्पस प्रमुखले पेशगर्ने प्रतिबेदनमा हुने भएकोले यहां उल्लेख गर्न आबस्यक ठानिएन । योग्य दक्ष र सृजनशिल जनशक्तीले मात्र क्याम्पसको बिकास गर्न सक्ने र भैरहेको जनशक्ती ले समय अनुकुल योग्यता, शिप र प्रबिधीको ज्ञान थप गर्दै जानुपर्ने भएकोले त्यस तर्फ सबै प्राध्यापक कर्मचारीहरुलाई अग्रसर गराउन पर्ने देखीन्छ। उचित समयमा उचित ज्याला तथा तलबको ब्यबस्थाका लागी क्याम्पसले सो च्ने बेला आई सकेको छ। अबकास पछाडी पेन्सनको बदला उपदान कोष तत्काल स्थापना र सुरुगर्नु पने

देखीन्छ । यसले प्राध्यापक कर्मचारीहरुको स्थायित्व र सुरक्षा गराउदछ । शैक्षिक अबस्था सुधार र बिकास गर्न  समय समयमा Visiting Lecture को ब्यबस्था का लागी थप कार्यक्रम ल्याउनुपर्ने देखीन्छ । क्यम्पसको समग्र पक्षको लेखाजोखा र मुल्यांकन गर्न समाजिक लेखापरिक्षण गर्न उपयुक्त हुने हुनाले त्यस सम्बन्धी कार्य गर्न उपयुक्त हुने कुरा यस सभामा राख्न चाहन्छु ।

संचालक समितीका सदस्यको संयोजक रहने र २ जना शिक्षा क्षेत्रमा काम गरिसकेका सदस्य रहने गरी एक सामाजिक लेखापरिक्षण उपसमिती बनाउन उपयुक्त हुने छ । यसलाई प्राध्यापकहरुको योग्यता जांचगर्ने,  हाजिरी जांचगर्ने, तलब भत्ता हाजिरी अनुसार कटौती गर्ने, न्युनतम हाजिरी नपुऱ्याउने, समयमा हाजिरी नगर्नेलाई अबकासको सीफारिस गर्ने , आन्तरिक अडिट गर्ने र आबस्यक आदेश तथा निर्णय गर्नसक्ने अख्तियारी दिन उपयुक्त हुने र यस सम्बन्धमा ब्यबस्था गर्न यो सभामा प्रस्ताब गर्दछु । प्राध्यापक कर्मचारी र संचालक समिति समेतले समय र परिस्थती अनुसार सोच बदल्न उपयुक्त हुन र त्यसको लागु समेत गर्नु उपयुक्त हुनेछ । यसले शैक्षिक गुणस्तर बढाउन मद्धत गर्नेछ भने स्वयं ब्यक्तीको कार्यक्षमता र दक्षता समेत बृद्धि हुने छ । भबिष्यमा उत्कृष्ट क्याम्पसको रुपमा यसको विकास गर्न केही न केही सुधार आबस्यक छ । क्याम्पसले करार र आंशिक प्राध्यापक भन्दा पनी पुर्णकालिन र स्थायी प्राध्यापक तथा कर्मचारीहरुको पदस्थापनका लागी जोड दिनु पर्दछ । कार्य घण्टा ८ घण्टालाई आधार मान्ने सोही बमोजिम तलब तथा भत्ताको निर्धारण गर्न उपयुक्त हुनेछ । अन्तमा बाकी शैक्षिक प्रगती बिबरण क्याम्पस प्रमुखको प्रतिबेदनमा आउने हुदा मेरा भनाईहरु लाई यही अन्त गर्दछु ।

धन्यबाद

**सुरेन्द्र राज अधिकारी**
**संयोजक, पदपुर्ती समिती तथा सन्चालक समिती सदस्य**
**धन्यबाद**

# विषय सुची


| | |
|---|---|
| वार्षिक प्रतिबेदन | १ |
| क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरुप | ३ |
| परिचय | ४ |
| क्याम्पसको पृष्ठभूमि | ५ |
| प्रगति | ९ |
| भौतिक प्रगति | ९ |
| **QAA** सम्बन्धी ब्यबस्था र संयोजकहरु | ११ |
| थप संकाय सम्बन्धी लक्ष्य | १२ |
| बित्तीय स्रोत को विश्लेषण | १३ |
| सामाजीक प्रगति | १३ |
| क्याम्पसको भावी योजना र संकाय तथा बिद्यार्थीको १२ बर्षे प्रक्षेपण | १६ |
| क्याम्पसप्रति समुदायको योगदान | १७ |
| चुनौती न्युनिकरण गर्न अपनाईएका उपायहरु | १७ |
| भविष्यमा संचालन गरिने बिषयहरु | १७ |
| भौतिक संरचना | १८ |
| आर्थिक अवस्था | १८ |
| शिक्षक कर्मचारी सम्बन्धी व्यवस्था | १८ |
| गुणस्तर बृद्धि | १८ |
| आर्थिक बर्ष २०७६ ।०७७ को रणनैतिक योजना | १८ |
| संस्थागत अवस्था विश्लेषण | १९ |
| २०७५।११।२८ देखीको संचालक समिती | २१ |
| भवन निर्माण तथा खरिद उप समिति | २२ |
| परिक्षा उपसमिति | २२ |
| लेखा प्रतिवेदन | २३ |
| आ.व. २०७७/०७८ को प्रस्तावित बजेट | ३६ |
| सिनेट सदस्यहरु (क्याम्पस सभाका सदस्यहरु) | ४१ |
| वि.वि.एस. संचालन प्रमाणपत्र | ४७ |

# क्याम्पस प्रमुख ऋषिराम बुढाथोकीबाट प्रस्तुत वार्षिक प्रतिबेदन

**मिति २०७६/०७७**



जनप्रकाश बहुमुखी क्याम्पसको १५ औ वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, क्याम्पसका संचालक समितिका संस्थापक अध्यक्षज्यू, संस्थापक सदस्य सचिव, सदस्यहरु तथा पूर्व क्याम्पस प्रमुखज्यू, त्रि.बि. प्रतिनिधिज्यू, क्याम्पस संचालक समितिका उपाध्यक्ष तथा सदस्यज्यूहरु, क्याम्पसका सिनेट सदस्यज्यूहरु, पत्रकार तथा आमन्त्रित व्यक्तित्वहरु, समाजसेवी तथा राजनीतिककर्मीहरु, क्लब तथा आमा समूहका अध्यक्ष तथा प्रतिनिधिहरु, सर्बसाधारण दिदी बहिनी तथा दाजु भाईहरु, बिद्यार्थी भाई बहिनीहरु !

आदरणीय सभाध्यक्ष एवम् सभासदज्यूहरु, कास्की जिल्लाको पूर्वी भेगमा रहेको, पोखरा गएर उच्च शिक्षा लिन असमर्थ भएका गरिब जनताका छोरा छोराहरुलाई प्रारम्भिक चरणमा ब्यवस्थापन संकायमा स्नातक तहको शिक्षा प्रदान गर्न र कालान्तरमा उच्च तहको शिक्षा बिभिन्न संकायमा प्रदान गर्ने लक्ष्य र उद्देश्य राखेर २०६२ सालमा त्रि. बि. बाट ब्यवस्थापन बिषयमा स्नातक तह संचालन गर्न यस क्याम्पसले स्वीकृति पायो । तत् पश्चात जनप्रकाश मा.वि. को भवनमा २०६२ भाद्र २० गते देखि कक्षा सचालन गरियो ।

आजको यस साधारण सभामा क्याम्पस स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्ने संस्थापक अध्यक्ष श्री चक्रपाणी पौडेल, जनप्रकाश मा बि का तात्कालिन प्र.अ तथा क्याम्पस स्थापनामा सदस्य सचिब भई काम गर्ने संस्थापक सदस्य सचिव श्री कृण्णराज पौडेल लगायत सम्पुर्ण संस्थापकज्युहरु, सहयोगी माहानुभावहरु, संस्थापक प्रध्यापकहरु, सदस्यहरु, बिद्यार्थीहरु सबैको योगदानको हामी उच्च कदर गर्न चाहन्छौ ।

क्याम्पसले धेरै आरोह अबरोह खेप्दै आएको छ। यसको स्थापना कालदेखिनै आर्थिक कठिनाई पर्न गयो। आफ्नो जग्गा जमिन नभएको, फर्निचर नभएको अवस्था, पर्याप्त बिद्यार्थी नभएको हुदा सुरुका बर्षदेखि नै क्याम्पसले बिभिन्न कठिनाईहरु भोग्दै आएको यहा अवगत गराउन चाहन्छु। आर्थिक कठिनाईको प्रभाव जनशक्तिको फेर वदलमा परिरह्यो । समयमा तलव दिन नसक्ने बिगतको हाम्रो बाध्यताले जनशक्तिले क्याम्पस छाडेर गएको कटुसत्य हामीसंग छ तर समयको माग र प्रतिस्पर्धालाई स्विाकार गर्दै हामीले धैर्यतापुर्बक यस क्याम्पसको विकास बिस्तारलाई निरन्तरता दिदै जांदा आज यो मजबुत अवस्थामा आई सकेका छौ ।

जनप्रकाश मा बि ले भोगचलन गर्दै आएको करिब १० रोपनी पर्ति जग्गा क्याम्पसको नाममा निर्णय गरी तत्कालीन लेखनाथ नगरपालिकाबाट स्वामित्वको निर्णय लिए पश्चात यसै जग्गामा क्याम्पसले आफनो जग हालेर आज हामी आफ्नै भवनमा कक्षा संचालन गर्न सक्षम भएका छौ । क्याम्पसले मिति 31 August 2017 (१५भाद्र२०७४) मा QAA मा जानकोलागि प्रारम्भिक चरण LOI ( Letter of Intention) प्राप्त गरी दोस्रो चरण SSR को काम भई रहेको छ ।
हामीलेमिति २०७७-०३-१८ SSR ( Self Study Report) गते पेश गरी UGC बाट प्राप्त सुझाब तथा निदे शनका आधारमा पुन तयारी गरी पठाउने तयारी गरीएको छ ।आगामी १ बर्ष भित्रैमा QAA लिने हाम्रो लक्ष्य रहेको छ ।

सामुदायिक रुपमा संचालित यस क्याम्पसले प्रतिस्पर्धाको माझमा क्याम्पसको विधान, नियमावलीको अधिनमा रही त्रि बि को ऐन नियम संग नबाझिने गरी शैक्षिक गतिविधिहरु संचालन गरिरहेको छ ।उच्च शिक्षा सुधार परियोजनामा परेको जनप्रकाश बहुमुखी क्याम्पस ले आ. व २०७६।०७७ मा पुर्बाधार बिकास अर्न्तगत भवन निर्माण, कम्पुटर खरिद तथ उपकरण जडान, फर्निचर तथा फर्निचर्स खरिद तथ जडान र पाठ्यपुस्कत खरिद गरी क्याम्पस लाई सुबिधा सम्पन्न बनाएको छ । यी सबै कामहरु बिश्वबिद्यालय अनुदान आयोग उच्च शिक्षा सुधार परियोजन ( HERP ) को अनुगमन र सुपरिवेक्षणमा रही सार्बजनिक खरिद ऐन अनुसार काम भएका छन ।

**अध्यक्ष महोदय,**
क्याम्पसले ५ बर्षे दिर्घकालीन रणनीति तयार गरी आफ्नो काम अगाडी बढाइरहेको आजको सम्मानीत सभामा राख्न चाहन्छु । अब म यस सभामा क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरुप, परिचय र पृष्ठभूमि देखी आ.ब.२०७६/०७७को लेखा परिक्षण प्रतिवेदन आगामी वर्षको प्रस्तावित बजेट, क्याम्पसको सामाजीक प्रगती, एकमुष्ठरुपमा यस सभामा राख्न चाहन्छु । आशा छ सभाका सदस्यज्यूहरुले यसको गहन अध्ययन गरी हामीलाई अमूल्यसुझाव दिनुहुनेछ । त्यो सुझाव आगामी दिनमा प्रकाशन हुने अंकहरुमा समेटीने छन् ।



क्याम्पस प्रमुख
ऋषिराम बुढाथोकी

## क्याम्पसको दिर्घकालीन रणनीतिको स्वरूप

### दृष्टि, अभियान, लक्ष्य र उद्देश्यहरु

### ४.१ VISION (दृष्टि)

जनप्रकाश बहुमुखी क्याम्पस यस क्षेत्रको उत्कृष्ट एवम् बहुआयामिक क्याम्पसको रुपमा पोखरा लेखनाथ क्षेत्रमा स्थापित हुनेछ र गुणस्तरीय शिक्षाको हिसाबले बिद्यार्थीको पहिलो रोजाईमा यस क्याम्पस रहनेछ । न्युनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदानगर्ने र रोजगार मुलक शिक्षा दिने छ ।

(JPMC shall be established as one of the best renowned educational institution providing multidisciplinary course at Pokhara Lekhanath valley & the first choice of students will be JPMC at Pokhara Valley.This campus provide self employment education in minimum cost)

### ४.२ MISSION (अभियान)

जनप्रकाश बहुमुखी क्याम्पस किफायती र उचित मूल्यमा समुदायकोलागि गुणात्मक स्नातक र स्नातकोत्तर तहको शिक्षा प्रदान गर्न स्थापना भएको संस्था हो । हामी सामाजिक कार्यकर्ता र विज्ञहरुको संयुक्त सहभागिताद्वारा शिक्षा मार्फत शिक्षित समुदाय, समाज र राष्ट्रको बिकास गर्न प्रतिबद्ध छौं ।

(JPMC is an institution established to provide qualitative undergraduate and graduate level education for community, at affordable and reasonable cost. We are committed to develop educated community, society and nation through education by joint participation of social activist & academicians.)

### ४.३ GOALS (लक्ष्यहरु)

जनप्रकाश बहुमुखी क्याम्पसले उल्लेखित Vision र Mission प्राप्तिकालागि देहाय बमोजिमका लक्ष्यहरु राखिएको छ ।

- ★ क्याम्पसलाई स्नातक तहमा रोजगार मुलक एवम् प्राविधिक विषयहरु थप गरी उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा स्थापित गर्ने ।
- ★ स्नातकोत्तर तहमा विषयहरु थप गरी कक्षाहरु सञ्चालन गर्ने,
- ★ क्याम्पसलाई आफ्नै दिर्घकालीन आय स्रोतको पहिचान गरी आर्थिक रुपमा सबल बनाउने ।
- ★ क्याम्पसले प्रदान गर्दै आएको शिक्षालाई अझ गुणस्तरीय र व्यवस्थित गर्दै नतिजामुखी बनाउने ।
- ★ विश्वविद्यालय अनुदान आयोग, गुणस्तर मापन तथा प्रत्यायन शाखाद्वारा आव्हान भए बमोजिम गुणस्तरमापन तथा प्रत्यायन ( Quality Assurance and Accreditation or QAA) प्रमाण पत्र प्राप्त गर्ने ।

४.४ **Objectives (उद्देश्यहरु)**

क) प्रतिस्पर्धी, दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने ।

ख) शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी बनाउने ।

ग) शिक्षक तथा कर्मचारीको व्यवसायीक दक्षता वृद्धि गर्ने ।

घ) विद्यार्थीलाई अध्ययन गर्न सुविधायुक्त भवनको व्यवस्था गर्ने ।

ङ) व्यवस्थित पुस्तकालय, खेलमैदान, प्रयोगशाला, चमेनागृह लगायत भौतिक पूर्वाधारको उचित व्यवस्था गर्ने ।

च) अनुसन्धान केन्द्रित शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने ।

छ) शिक्षण सिकाइ प्रकृयालाई आधुनिक र प्रभावकारी बनाउने ।

ज) खोज अनुसन्धान प्रति विद्यार्थी एवम् शिक्षक, कर्मचारीलाई अभिप्रेरित गर्ने ।

झ) विद्यार्थी भर्ना दर वृद्धि गरी क्याम्पसलाई उच्च शैक्षिक केन्द्रको रुपमा स्थापना गर्ने ।

ञ) विद्यार्थीका गुनासा एवम् सुझावहरु प्रशासनद्वारा मनन गरी समाधान गर्ने ।

ट) संस्थाको प्रशासनिक र आर्थिक पक्षलाई चुस्तदुरुस्त बनाउने ।

## परिचय (Introduction)

२०५९ भाद्र १ गते शनिबारका दिन लेखनाथ क्षेत्रका बुद्धिजिवीहरुको भेलाले श्री चक्रपाणी पौडेलको अध्यक्षतामा एक स्नात्तक तहको क्याम्पस संचालन गर्ने लक्ष्यराखी एक तदर्थ समिति गठन गरेको थियो र सो भेलामा यस भेगका ७५ जना शिक्षाप्रेमीहरुको उपस्थिती रहेको छ । यस सम्बन्धी रेकर्ड जनप्रकाश बहुमुखी क्याम्पसको सम्पतिका रुपमा रहेको माईन्युट नं १ मा रहेको छ । यसलाई डिजिटल रुपमा भबिस्यमा क्याम्पसको वेभसाईटमा राखिने छ । यहाँ देखि निरन्तर मेहनत, प्रयास, छलफल गर्दा करिब ३ बर्ष पछाडी त्रि.बि. बाट सम्बन्धन लिएर क्याम्पस संचालन गर्ने निश्कर्षमा पुगे पश्चात यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना बि.स २०६२ श्रावण २६ गते भयो । कास्की जिल्लाको पूर्वी भेगमा पर्ने तात्कालीन लेखनाथ नगरपालिका र यस वरपररहेका मा बि हरुलाई आफ्नो आधार बनाई यस क्षेत्रबाट पोखरामा उच्च शिक्षा हासिल गर्नजानु पर्ने तात्कालीन आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रका बुद्धिजिबीहरु, समाजसेवीहरुको भेलाले यहां एक क्याम्पसको आवस्यकता रहेको महसुस गरी यो क्याम्पसको स्थापना र बिकास गरिएको हो । जनप्रकाश बहुमुखी क्याम्पस कास्की जिल्लाको पूर्वी क्षेत्रका पोखरा लेखनाथ महानगर पालिका बडा नं २९, मा पृथ्वी र ाजमार्ग संगै जोडीएर रहेको छ ।

त्रि.बि बि को २०६२।०४।१८ कार्यकारी परिषदको निर्णय अनुसार यस जनप्रकाश बहुमुखी क्याम्पसले व्यवस्थापन बिषयमा बि.बि.एस को पठन पाठन गराउनकोलागि त्रि.बि बाट सम्बन्धन अनुमति प्राप्त गरेको आज करिब १५बर्ष पुरा भईसकेको छ । यस अबस्थामा आईपुग्न क्याम्पसले ठुलो मेहनत र कसरत गर्नु परेको छ ।

## क्याम्पसको पृष्ठभूमि (Background of Campus)

वि.सं. २०६२ साल आषाढ २३ गते श्री जनप्रकाश बहुमुखी क्याम्पस व्यवस्थापन समितिले यस क्षेत्रमास्नातक तहको क्याम्पस संचालन गर्न आवश्यक ठानी स्थानीय वुद्धिजीवी, समाजसेवी, शिक्षासेवीहरुको भेलाद्वारा निर्णय भई यस जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना गर्न वाञ्छनीय भएकाले यस क्षेत्रमा क्याम्पस स्थापना गर्ने प्रस्ताब त्रिभुवन बिश्वबिद्यालयमा पेश भएको हो । मिति २०६२ श्रावण १८ गते त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट निर्णय भई २०६२।४।२६ गते व्यवस्थापन संकायको सम्वन्धन प्राप्त गरी यस क्याम्पसले आफ्ना शैक्षिक कार्यक्रमहरु अघि बढाएको छ । त्यस्तै मिति २०६२ साल भाद्र २० गते व्यवस्थापन संकाय अन्तर्गत वी.वी.एस. कार्यक्रमको सम्वन्धन प्राप्त गरी अध्यापन गराउन सुरु गरेको यस क्याम्पसले सर्वशुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । यस क्याम्पसमा पोखरा-लेखनाथ वर परका क्षेत्र साथै कास्कीको पूर्वीभेग , स्याङ्गजा, तनहु, लम्जुङ्ग, वाग्लुङ्ग आदि जिल्लाहरुबाट आएका विद्यार्थीहरुले शिक्षा लिइ रहेका छन् । नाफा रहित उद्देश्यका साथ सामुदायिक क्याम्पसको रुपमा स्थापित यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट नियमित लगाएत भौतिक पूर्वाधार विकासमा विभिन्न अनुदानहरु प्राप्त गरिरहेको छ । यस क्षेत्र ग्रामीण क्षेत्रको परिबेसमा रहेको र शहरीकरण उन्मुख भएकोले विशेष गरी कृषक, मजदुर तथा न्यून आय भएका परिवारका विद्यार्थीहरुले नै यस क्याम्पसमा अध्ययन गर्दै आएका छन् । क्याम्पसलाई आफ्नै जग्गा जमिन तथा भौतिक संरचनाको आवश्यकता महसुस गरी यस क्याम्पसको नाममा भोगाधिकार रहने गरी तात्कालिन लेखनाथ नगर पालिका बाट भोगाधिकार प्राप्त भएको छ । हाल उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकार तथा बिभिन्न निकायहरुको सहयोगमा अनुदान प्राप्त गरी भवन समेत निर्माण भई सकेकोर कक्षा कोठामा पठ्न पाठन भईरहेको छ ।भने केही निर्माणाधिन अबस्थामा छन । यस क्याम्पस ले **Quality Education for All** भन्ने नाराका साथ गुणस्तरीय शिक्षा प्रदान गर्दै समाजमा स्थापित हुँदै गएको छ ।

**क्याम्पसको संक्षिप्त परिचय निम्नानुसार रहेको छ।**

नाम : जनप्रकाश बहुमुखी क्याम्पस

ठेगाना : पोखरा महानगरपालिका -२९, भण्डारढिक, कास्की

स्थापना मिति : २०६२/०४/२६

संचालन मिति : २०६२/०५/२०

जग्गा प्राप्ती २०६८।१२।२७

जग्गा को भोगाधिकार : २०६८।१२।३०

भवन को शिलान्यांस:२०७०।०३।१७ सोमबार बिहान ९.४५

आफ्नै भवनमा कक्षा संचालन: २०७३।७२२ बुधवार

भवनको उद्घाटन: २०७३ पौष २९ गते शुक्रबार

| संकाय | तह | स्वीकृति मिति | सम्बन्धन दिने निकाय | कैफियत |
|---|---|---|---|---|
| व्यवस्थापन | स्नातक तह, (वी.वी.एस्) | २०६२/०४/२६ | त्रिभुवन विश्वविद्यालय | चार वर्षे |

## भौतिक पूर्वाधार

**१. जग्गा जमिन :**

★ आफ्नो स्वामित्वमा भोगाधिकार भएको करिब १० रोपनी जग्गा

**२. भवन निर्माण :**

★ २ तला ढलान भई कक्षा र प्रशासन संचालन रहेका, केही काम फिनिसिङ्ग गर्न बाकी (यसै बर्ष सम्पन्न गरिने योजनामा रहेको HERP )

★ क्याम्पसको आफ्नै स्वामित्वमा भएको २ तला ढलान भएको ८ कक्षाकोठा, १ अडिटोरीयमहल, १ लाईब्रेरी हल, १ क्याम्पस संचालक समितिको कोठा, १ क्याम्पस प्रमुख को कोठा, १ सहायक क्याम्पस प्रमुख को कोठा र प्राध्यापकहरु को कोठा, १ लेखा तथा प्रसासन कोठा,

**३. भवन निर्माणमा सहयोगी संस्थाहरु :**

★ नेपाल सरकार, स्थानिय विकास मन्त्रालय (२०७०-२०७२)

★ विश्व विद्यालय अनुदान आयोग (भौतिक पूर्वाधार सहयोग,उच्च शिक्षा सुधार परियोजना HERP)

★ सांसद विकास कोष (माननिय यज्ञ बहादुर थापा) जि.वि.स. कास्की मार्फत

★ साविक लेखनाथ न.पा.

★ पोखरा महानगर पालिका वडा नं. २९

★ स्थानिय चन्दा सहयोग र आन्तरिक स्रोत परिचालन ।

**४. अन्य :**

★ भलिवल, व्याटमिन्टन लगायतका खेल मैदान

★ शुद्ध खानेपानी

★ छात्र तथा छात्रा शौचालयको व्यवस्था

**५. विद्यार्थी संख्या :**

★ बि.बि.एस २४७ (BBS 234)

**६. जनशक्ति :**

★ शिक्षक संख्या १४ जना

★ कर्मचारी संख्या ३ जना

★ सुरक्षा गार्ड संख्या छैन

**७. अतिरिक्त क्रियाकलाप :**

★ प्रत्येक वर्ष खेलकुद सप्ताह (पौषको अन्तिम हप्ताभलिवल, फुटवल, रस्सा कस्सी, दौड, रिले, व्याटमिन्टन, टेवलटेनिस, लङ्गजम्प, सटफुट आदि)

★ बौद्धिक कार्याक्रम(हाजिरी जवाफ, उद्योग तथा ब्यपार सम्बन्धी छलफल)

## Academic Progress

जनप्रकाश बहुमुखी क्याम्पसको बास्तबिक बिद्यार्थी भर्ना तथा परीक्षामा सामेल भएको बिद्यार्थी रेकर्ड

## Academic Progress

**जनप्रकाश बहुमुखी क्याम्पसको बास्तबिक बिद्यार्थी भर्ना तथा परीक्षामा सामेल भएको बिद्यार्थी रेकर्ड**

| भर्ना बर्ष | प्रथम वर्ष भर्ना बिद्यार्थी | T.U. रजिष्ट्रेशन भएका बिद्यार्थी | परीक्षामा सामेल भएका बिद्यार्थी संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०६९ | ८० | रजिष्ट्रेशन | प्रथम बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथो बर्ष | |
| २०७० | ५७ | ४७ | ६८ | ४९ | ३१ | - | NA Balkhu |
| २०७१ | ६४ | ५९ | ३९ | ६१ | ३२ | | NA Balkhu |
| २०७२ | ५८ | ५५ | ४९ | ३० | ३७ | | |
| २०७३ | ६८ | ५७ | ५५ | ३५ | ३० | २२ | |
| २०७४ | १०३ | ९८ | | ५५ | ३० | २७ | २१५ |
| २०७५ | ६६ | ५८ | | ९० | ४० | २३ | २२१ |
| २०७६ | ८४ | ७७ | | ५९ | ७३ | २१ | २४७ |
| २०७७ | ८४ | ७७ | | ५९ | ७३ | २१ | २४७ |

पुनश्च:

१ २०७३ मा बिद्यार्थी संख्या जम्मा १६९

२ २०७४ मा बिद्यार्थी संख्या जम्मा २१५

३ २०७५ मा बिद्यार्थी संख्या जम्मा २२१

४ २०७६ मा बिद्यार्थी संख्या जम्मा २४७

५ २०७७ मा बिद्यार्थी संख्या जम्मा २४७

## Enrollment Trend Analysis of Last Three years programs

| Year | BBS First year | BBs second year | BBS Third year | BBS Forth year | Remarks |
|---|---|---|---|---|---|
| 2072 | 49 | 30 | 37 | - | |
| 2073 | 55 | 40 | 36 | 22 | 153 |
| 2074 | 89 | 39 | 23 | 27 | 178 |
| 2075 | 66 | 90 | 42 | 23 | 223 |
| 2076 | 84 | 59 | 73 | 31 | 247 |
| 2077 | 84 | 62 | 73 | 31 | 250 |

**३.५ नतिजा विश्लेषण :**

क्याम्पस सञ्चालनको प्रमुख उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्र निर्माणमा योगदान दिन सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु हो । यसका लागि गुणस्तरीय नतिजा प्रदान गर्नकालागि क्याम्पसले समय समयमा आन्तरिक परीक्षाको समेत व्यवस्था गरेको छ । प्रत्येक तहका आन्तरीक परीक्षा वर्ष मा ३ पटक गरिनेछ । शैक्षिक वर्ष २०७५ त्रि.वि..द्वारा लिइने वार्षिक परीक्षामा सहभागी नियमित विद्यार्थी उत्तीर्ण संख्याको विवरण र प्रतिशत निम्न अनुसार रहेको छ ।

| वर्ष २०७५ | सहभागी | उत्तिर्ण संख्या | प्रतिशत | अनुपस्थित | कैफियत |
|---|---|---|---|---|---|
| वि.वि.एस् प्रथम | ८८ | ९ | १०.२३ | १ जना | रेगुलर बिद्यार्थी मात्र |
| वि.वि.एस् द्वितीय | ३१ | १० | ३२.२६ | ८ जना | |
| वि.वि.एस् तृतीय | २१ | ९ | ४२.८६ | २ जना | |
| वि.वि.एस् चौथो बर्ष | २४ | १४ | ५८.३३ | ३ जना | २०७५ को |
| वि.वि.एस् चौथो बर्ष | १७ | १३ | ७५.४७ | ३ जना | २०७६ को |

**Pass Rate Trend Analysis of The last three years ( percentage)**
**उत्तिर्ण प्रतिशत प्रबृती बिस्लेषण**

| Year | **BBS First year** | **BBs second year** | **BBS Third year** | **BBS Forth year** | **Remarks** |
|---|---|---|---|---|---|
| 2075 | 8.51% | 29.71% | 24.14% | 52% | 2074 |
| 2076 | 10.23% | 32.26% | 42.86% | 58.33% | 2075 |
| 2077 | 35.56% | 7.81% | 25.% | 75.47% | 2076 |

**Graduate Trend Analysis of The Last three years स्नात्तकतह उत्तीर्ण प्रवृत्ति बिश्लेषण**

| **Year** | **Total Pass** | **Girls** | **Dalit** | **Percentage** | **Remarks** |
|---|---|---|---|---|---|
| 2074 | 14 | 12 | - | | |
| 2075 | 14 | 7 | 2 | | |
| 2076 | 15 | 11 | 1 | | |

विद्यार्थीको Pass Rate वृद्धी भईराखेको छ । Graduate भएका सम्पूर्ण विद्यार्थीहरुको संख्या निकाल्ने कार्य भईराहेकोले माथी भर्न बाँकी तथ्याकं आगामी अंकमा राखीने छ ।

**Progress (प्रगति)**

**Education Pedagogy:**

क्याम्पसको अध्यापन बिधि हालसम्म परम्परागत किसीमले चलिआएकोमा अव उपरान्त यसलाई समय सापेक्ष आधुनिकीकरण गर्दै लैजाने लक्ष्यका साथ काम भईरहेको छ। समय समयमा यस क्याम्पसमा Multi Media Projector बाट कक्षा संचालन गरिने गरिएको छ। आगामी दिनमा यसलाई अझ प्रभाबकारी गराईने छ। क्याम्पसमा उपलब्ध Internet सुबिधाबाट बिद्यार्थीहरुलाई अध्यन गर्न, नया नया कुराहरु को जानकारी लिन सहयोग हुने विश्वास लिईएको छ।

**Physical Progress (भौतिक प्रगति)**

यस क्याम्पसले स्थापनाकालदेखि करिब एघार बर्ष जनप्रकाश उच्च मा बि को भवनमा कक्षा संचालन गर्दै आएको थियो। २०७३ सालको कार्तिकमा आफ्नै स्वामित्वमा रहेको यसै भवनमा आफ्ना शैक्षिक एवं प्रशासनिक कामकाजहरू गर्दै आएको छ। विभिन्न निकायहरुसमक्ष अनुदान सहयोगका लागि पनि क्याम्पसको आफ्नै भोगाधिकार रहेको स्वामित्वमा जग्गा हुनुपर्ने यथार्थलाई मनन् गरी यस क्याम्पसले जनप्रकाशमा बिको सहमति तथा सिफारीसमा तत्कालिन लेखनाथ नगर पालिका र हालको पोखरा लेखनाथ नगरपालिकाले भोगाधिकार दिएको जग्गामा संचालनमा रहेको कुरा सर्वविदितै छ। उक्त जग्गामा विश्वविद्यालय अनुदान आयोग, स्थानीय बिकास मंत्रालय, लेखनाथ नगरपालिका कार्यालय, सांसद बिकास कोषको रकम जिल्ला बिकास समिति कास्की मार्फत, स्थानीय चन्दा सहयोग तथा आन्तरिक स्रोतको परिचालनबाट प्राप्त अनुदान रकम खर्च गरी सुबिधा सम्पन्न भवन निर्माणा गरी पठन पाठन संचालन भईरहेको छ। हाल सञ्चालित भवनमा १५ कोठा रहेका छन्, जसमध्ये पुस्तकालय, कम्प्युटर ल्याब, प्रशासन, लेखा, स्टाफ, सभाहल कक्षा गरी जम्मा ५ वटा प्रयोग भएका छन् भने बाँकी पठनपाठन कार्यकालागि प्रयोग गरिएको छ। कक्षा कोठाको अभावका कारण प्रशासनिक कक्षा व्यवस्थित गर्न सकिएको छैन भने पुस्तकालयकोलागि पुस्तक भण्डार तथा अध्ययन कक्षा सानो भएकोले आगामी दिनहरुमा HERP बाट हुने सहयोगबाट त्यसलाई पुरा गरिनेछ। जनप्रकाश बहुमुखी क्याम्पसले पछिल्लो ४ बर्षमा पूर्बाधार बिकासमा ठुलो फडको मारेको छ। २०७० सालमा क्याम्पस भवनको जगराखी काम थालेको यस क्याम्पसले २०७३ सालदेखि आफ्नै भवनमा कक्षा संचालन गरिसकेको छ। यस बर्ष २०७५ सालको चैत्रसम्ममा क्याम्पसका बिद्यार्थीहरुलाई आवश्यक पर्ने न्यूनतम भौतिक सुविधाहरु पुरा गरेको छ। छात्रहरुका लागी अपुग भएको सौचालय समेत निर्माण सम्पन्न गरी सञ्चालनमा आएको छ।

आ ब २०७५।०७६ मा यस क्याम्पसले उच्चशिक्षा सुधार परियोजना (HERP) बाट निम्न कामहरु क्याम्पसले सम्पन्न गरेको छ। यसले क्याम्पसमा भौतिक पूर्बाधारको अभावलाई केही हदसम्म पुरा गरी सुबिधा प्रदान गरेको छ। भौतिक पूर्बधार तथा सुधार तर्फ निम्न कामहरु आ ब २०७५।०७६ मा भएका छन।भबिस्यमा क्याम्पसले BHM पठन पाठन गराउने भन्ने निर्णय भएको ले त्यसको लागी पूर्बाधार निर्माण गर्ने लक्ष्य अनुसार काम भईरहेको छ। तर बिश्वब्यापी रुपमा फैलिएको Covid-19 का कारण आ बा २०७६-२०७७ का कामहरु मध्ये फर्निचर तथा फर्निसिङ्ग खरिद र पाठ्यपुस्तक खरिद मात्र अगाडी बढेको छ। भवन निर्माण को आंशिक काम सम्पन्न भएको छ। यस बर्ष नयां गेटको निर्माण गरि आगामी बर्षदेखी साना ठुला सबै

सवारी साधन क्याम्पस को प्रवेश द्धारबाट आबात जावत  गर्न सकिने छ। यसले ठुल सबारी साधनको आबत जावत को परनिर्भरता लाई अन्त गरेको छ । आगामी बर्षदेखी क्याम्पसमा नयां संकाय खोल्ने र आबस्यक पुर्बाधार निर्माण गर्ने निती लिईने छ ।

**आ ब २०७६।०७७मा निम्न कार्यहरु Procurement Plan अनुसार**

**बिश्वबिद्यालय अनुदान आयोग बाट सममती र स्विकृती लिएर काम गरि**

| क्र.स. | बिबरण | काम गरेको बिधि | उपलब्धी | बजेट |
|---|---|---|---|---|
| १ | भवन निर्माण | राष्ट्रिय बोलपत्र आह्वान | ७ वटा कक्षा कोठा थप, अडिटोरियम हल समेत | UGC/HERP/ Campus Budget |
| २ | फर्निचर तथा फर्निसिङ्ग | Standard Sealed Quotation | लाईब्रेरी बिकास, डेक्स बेन्च बिकास | UGC/HERP/ Campus Budget |
| ३ | कम्पुटर उपकर खरिद आदी | Standard Sealed Quotation | कम्पुटर को पर्याप्तता र E-library सुरु भएको | UGC/HERP/ Campus Budget |
| ४ | पाठ्यपुस्तक खरिद आदी | Shooping | करिब ६०० थान पुस्तक थप , बिद्यार्थीहरु लाई सुबिधा प्राप्त भएको | UGC/HERP/ Campus Budget |

आर्थिक बर्ष २०७६/२०७७ मा उच्च शिक्षा सुधार परीयोजना (HERP) अर्न्तगत विश्व विद्यालय अनुदान आयोग र क्याम्पस विच सम्झौता भए वंमोजिम निम्नकार्यहरु हुने स्वीकृति विश्वविद्यालय अनुदान आयोग बाट भएको हो । त्यस सम्वन्धि क्याम्पसले सार्वजनीक खरीद ऐन अन्तर्गत रहि वोलपत्र आवाहन रु ७६,५०,०००।- (अक्षररुपी छेहत्तर लाख पचास हजार रुपैया मत्र) बराबरको कार्य गर्ने गरी कार्यक्रम बनाएको थियो । कोभिड - १९, को कारण पुरौ विश्व माहामारीले थला परेको र नेपाल पनि २०७६ चैत्र ११ गते देखि लकडाउनमा गएको सवैलाई अवगत नै छ । पोखरा महानगरपालिका मिति २०७७-०२-१५ गते, पत्र च. न. १२७५ बाट क्याम्पस भवन क्वारेनटाईन सञ्चालन गर्न उपलब्ध गराईएको हुदा, यस आर्थिक बर्ष २०७६/०७७ मा HERP अर्न्तरगतका परीयोजनाहरु सम्पन्न गर्न असुविधा हुन गयो ।

**क्याम्पसका बिशेषताहरु**

१ शान्त र मनोरम वातावरण

२ यातायातको सुबिधा

३ दक्ष र अनुभवी प्राध्यापकहरुबाट अध्यापन गराईने

४ अंग्रेजी र नेपाली माध्यममा कक्षा संचालन

५ व्यवहारिक ज्ञानकोलागि स्थलगत अध्ययन भ्रमण

६ निःशुल्क ईन्टरनेट सेवाको उपलब्धता

७ पर्याप्त खेल मैदान र अतिरिक्त क्रियाकलाप

८ बिभिन्न माध्यमबाट अध्ययन अध्यापन गराईने

**क्याम्पस संचालक समिति तथा उपसमितीहरु**

यस क्याम्पस संचालक समितिको गठन बि.स २०७२।११।२८ मा क्याम्पसको साधारण सभा तथा अधिवेशनबाट नाम सिफारिस भएअनुसार त्रि बि बाट अनुमोदन भएर भएको हो । क्याम्पसको बिधान र नियमावली ले ब्यबस्था गरेअनुसार बिभिन्न उपसमितिहरुले आफ्नो काम गरेका छन ।

**संगठनात्मक स्वरुप**

क्याम्पसको सिनेट सभा सर्बोच्च निकाय हो । यसले क्याम्पस संचालक समिति गठन गर्दछ । यसमा १३६ जना सिनेट सदस्यहरु रहेका छन । यस ले बार्षिक नीति तथा कार्यकमहरुलाई पास गर्ने काम गर्दछ । क्याम्पस प्रमुखलाई पूर्ण कार्यकारी अधिकार दिइएको छ । क्याम्पस संचालन समिति १५ सदस्य रहने ब्यबस्था बिधानमा गरिएको छ । सिनेटले क्याम्पसका अध्यक्ष छनोट गरी अनुमोदनकालागि त्रि बि बि मा पठाउने गर्दछ । बांकी सदस्यहरु निर्बाचन पद्धतिबाट छानिन्छन । निर्बाचन सम्पन्न गर्नकालागि क्याम्पसका सिनेट सदस्य संयोजक रहेको ३ सदस्यीय निर्बाचन मण्डल रहने छ । निर्बाचन मण्डलका संयोजक अधिवक्ता हुने अभ्यास रहेको छ । संचालक समितिले ४ बर्षको कार्यकाल हुने गरी क्याम्पस प्रमुखको नियुक्ती गर्दछ । आबस्यकता अनुसार क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस संचालक समितिको अनुमोदन पछि २ बर्ष कार्यकाल रहने गरी सहायक क्याम्पस प्रमुखको नियुक्ती क्याम्पस प्रमुख बाट हुने ब्यबस्था बिधानमा रहेको छ ।

क्याम्पसका कामलाई छिटो छरितो ढंग बाट सम्पन्न गर्न, पारदर्शी र जवाफदेहिता कायम गर्न उप समितिहरु को गठन गर्ने र कार्य सम्पन्न गर्ने ब्यबस्था बिधानमा रहेको छ । सो अनुसार काम भईरहेको छ । जस्तै

१ भवन निर्माण तथा उपभोक्ता समिति ( साधारणतया उपाध्यक्षको अध्यक्षतामा गठन हुने )

२ लेखा उपसमिति

**QAA सम्बन्धी ब्यबस्था र संयोजकहरु**

जनप्रकाश बहुमुखी क्याम्पसले आगामी ५ बर्ष भित्रमा QAA प्राप्त गर्ने गरी काम गरिरहेको छ । हालSSR को काम भई रहेको छ । क्याम्पसका उपप्रध्यापकहरुलाई संयोजक रहने गरी जिम्बेबारी तोकीएको छ । प्रत्येक संयोजकसंग २ जना सदस्यहरु हुनुहुन्छ । उहाहरुले प्रत्येक ३ महिनामा वा आवस्यक पर्दाको वेला आ-आफ्नो प्रगति प्रतिवेदन बुझाउने ब्यवस्था मिलाईएको छ । सो प्रतिवेदन क्याम्पस संचालक समितिको बैठकमा पेश हुनेछ । सो पेश हुने बैठकमा १० मिनेटको समयमा संयोजकज्यु हरुले प्रतिवेदन पेश गर्नेछन ।

| S.N | Committee | Co-ordinator | Status |
|---|---|---|---|
| 1 | Research Cell | Krishna Ram Bhandari | Lecture |
| 2 | SSR committee | Krishna Prasad Tiwari | Lecture |
| 3 | EMIS/Students councilcell | Arjun Ojha | Lecture |

**थप संकाय सम्बन्धी लक्ष्य**

क्याम्पस स्थापना काल र हालको अबस्थामा धेरै भिन्नता रहेको छ। क्याम्पसले आफुलाई समयानुकुल गतिशील र परिमार्जन गर्दै लगेको छ । २६ जना बिद्यार्थीबाट स्थापना भएको क्याम्पसमा हाल २४७ जना बिद्यार्थी पुगिसकेको हुदा अब अन्य संकाय वा स्तरोन्तनी गर्नु पर्ने भएकोले क्याम्पसले भविष्यमा निम्न बिषयहरु थप गरी स्तरबृद्धि गर्ने लक्ष्य राखेको छ । त्रि. बि. बि.संग निम्न बिषयमा थप सम्बन्धन माग गरिनेछ ।

१ BTTM/BHM सम्बन्धी बिषयमा स्नातक तह

२ एम. बि. ए. मा स्नातकोत्तर तह

३ अन्य संकाय ( संभावनाका आधारमा )

नेपालको चौतर्फी बिकासकालागि पर्यटन वा होटल म्यानेजमेन्ट सम्भाबित र अवसर लिन सकिने बिषय भएको हुँदा स्नात्तक तहमा यो बिषयमा अध्यन अध्यापन गराउन त्रि बि बि संग सम्बन्धन माग गरिने छ । यो बिषयलाई दिनमा कक्षा संचालन गरिने लक्ष्य राखिएको छ। यसले भविष्यमा क्याम्पसमा बिद्यार्थी संख्यामा पनि बृद्धि गर्न सघाउ पुऱ्याउने विश्वास लिईएको छ ।

**Educational Aids**

a) Educational Equipments: क्याम्पसको पठन पाठनमा Multimedia Projector प्रयोगमा ल्याउने कममारहेको, Internet 1400 kbps को प्रयोग भइरहेको छ ।

b) Books/ Journals/ Reference Materials :हाल क्याम्पसमा जम्मा १३५० पाठ्यपुस्तक रहेका छन । Journal निकाल्ने अबस्थामा क्याम्पस रहेको छ। आगामी बर्षदेखी पर्याप्त Reference Materials क्याम्पसमा उपलब्ध गराईने छ ।

c) Furniture : क्याम्पसलाई आवश्यक फर्निचरको अभाब रहेको छ । हाल क्याम्पस मा ६१थान मात्र डेक्स, बेन्च रहेका छन । अन्य फर्निचर तथा टेवलको अभाब रहेको छ। भविष्यमा प्राथमिकता अनुसार यो अभाब पुरा गर्दै गईनेछ। १० थान पोडीयम, ८ थान मार्कर बोर्ड, २ थान सुचना बोर्ड, ७ थान टि टेवल रहेका छन ।

d) Computers equipments : हाल क्याम्पस मा ९ थान डेक्सटप कम्पुटर, २ थान ल्यापटप, २ थान प्रोजेक्टर, २ थान प्रिन्टर्स, र स्कीन बोर्ड रहेको छ ।

**Financial Progress (बित्तिय प्रगती)**

क्याम्पसको बित्तीय प्रगति सुधारोन्मुख रहेको छ । क्यम्पसको आम्दानीको. प्रमुख स्रोत भनेको बिद्यार्थीहरुले तिर्ने शुल्क नै हो । आफ्नो स्थायी आम्दानीको स्रोत रहेको छैन । यस बाहेकUGC ले दिने अनुदान, स्थानीय सरकारबाट प्राप्त सहयोग नै यस क्याम्पसको आम्दानीको. स्रोत हो । क्याम्पसको आय ब्यय तथा आम्दानी तथा खर्चको सम्पुर्ण विवरण लेखा परीक्षण प्रतिवेदनमा समावेस गरिएको छ ।

**Analysis of Financial Resources (बित्तीय स्रोत को विश्लेषण)**

**Income of Last Three years** बिगत तिन बर्षको आम्दानी

| | |
|---|---|
| 2073 | 4162508.03 |
| 2074 | 5308897.15 |
| 2075 | 7015307.52 |

सहभागी संस्थाले भवन निर्माण गरेको अघिल्लो वर्षमा आम्दानी धेरै र क्रमश आम्दानी कम हुदै गएको छ ।

**Expenditure Analysis of the Last Three years** बिगत तिन बर्षको खर्च बिश्लेषण

| | |
|---|---|
| 2073 | 3567028.00 |
| 2074 | 5505491.92 |
| 2075 | 5870627.49 |

## सामाजीक प्रगति (Social Progress)

जनप्रकाश बहुमुखी क्याम्पस समुदायमा संचालित क्यामपस भएको हुनाले समाजसंग यसको महत्वपुर्ण र सुमधुर सम्बन्ध रहेको छ । नाफा रहित सामुदायीक क्याम्पसको सामाजिक उत्थान र बिकासमा महत्वपुर्ण सम्बन्ध हुने भएकोले यस क्याम्पसले सामाजिक बिकासमा टेवा पुऱ्याउने खालका कामहरुमा सहयोग गरेको छ । नगरको दिगो बिकासका योजना तर्जुमा देखि वडाका योजना तर्जुमा, दिगो बिकासका आधारहरु पहिल्याउने कार्यहरु, समाजलाई सकारात्मक सोच तर्फ अगाडी बढाउने काममा यस क्याम्पसले योगदान गरेको छ ।

**जनप्रकाश बहुमुखी क्याम्पसको समुदायप्रति योगदान पुऱ्याउने योजना**

★ आर्थिक रुपमा कमजोर बिद्यार्थीका लागि विशेष छात्रबृत्तिको योजना

★ समाजमा रहेको बिपन्न बर्गका जस्तै जनजाति, दलित र शैक्षिक रुपमा पिछडिएका बिद्यार्थीलाई सर्बसुलभ शिक्षाको पहुच पुऱ्याउने

★ निशूल्क स्वास्थ शिविरहरु संचालन

★ रक्तदान कार्यक्रम संचालन गर्ने

★ स्थानीय समुदायलाई रोजगारमुलक शिक्षा प्रदान गर्ने

★ बेरोजगार युवाहरुलाई शिपमुलक शिक्षा दिने

★ कर शिक्षाको ज्ञान व्यवसायीहरु लाई दिने

★ कानुनको समान्य ज्ञान दिन गोष्ठीहरु आयोजनागर्ने

**समुदायलाई क्याम्पस प्रति उत्तरदायि बनाउने योजना**

★ समग्र समुदायलाई परिचालन गर्ने

★ समुदायका अगुवाहरुलाई क्याम्पसको सभासद बन्न अभिप्रेरीत गरी योजना तर्जुमागर्नमा सहभागी गराउने र दिर्घकालीन लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने

★ समाजका सम्पन्न व्यक्तिहरुलाई गरिब बिद्यार्थी अध्ययनका लागि अक्षयकोष खडागर्न लगाउने

★ सामुदयिक क्याम्पसको महत्वबारे समुदायलाई जानकारी गराउने

## समस्याहरु एवम चुनौतिहरु

**जनप्रकाश बहुमुखी क्याम्पसका अल्पकालीन चुनौतिहरु**

★ विश्वबिद्यालय अनुदान आयोगबाट क्यु ए ए प्राप्त गर्न

★ विश्वबिद्यालय अनुदान आयोगबाट क्याम्पस उच्च शिक्षा परियोजनामा ( HERP ) मा छनोट भएको छ तर सोहीअनुसार काम गर्न चुनौतीहरु छन ।

★ पुस्तकालयलाई ब्यवस्थित गर्न र पर्याप्त पाठ्यपुस्तकहरु ब्यवस्था गर्न

★ पर्याप्त प्रशासनिक कक्षहरु निर्माण गर्न

★ भविष्यमा यस क्याम्पसमा BTTM,/ BHM जस्ता बिषयहरु संचालन गर्ने सोच भएकोमा आवस्यक पूर्वाधार तयार गर्ने

★ क्याम्पसमा पुर्णकालीन प्राध्यापकहरुको संख्या कम भएकोमा आवश्यक संख्यामा शिक्षक कर्मचारी स्थायीगर्न

**क्याम्पसका भावी योजनाहरु**

यस क्याम्पसले धेरै चुनौतीहरुको सामना गरिरहेको छ । समय सापेक्ष गुणस्तरीय शिक्षा दिने र आवस्यकता अनुसार थप संकायहरु थपगर्ने योजना क्याम्पसले अंगीकार गरेको छ ।

★ जनप्रकाश क्याम्पसलाई बिश्वबिद्यालय अनुदान आयोगबाट उच्च शिक्षा सुधार परियोजना अर्न्तगतको मापदण्डमा रहेर क्याम्पसको रणनीतिक योजना अनुसार कार्यसम्पादन गरी क्यु ए ए प्राप्तिकालागि आवश्यक कार्यहरु गर्ने

★ क्याम्पसका सबै कामहरु समयबद्ध एबं योजनाबद्ध रुपमा गर्ने

★ क्याम्पसले रिसर्च जर्नल प्रकाशन कार्यलाई निरन्तरता दिर्दै जाने साथै बिद्यार्थीका प्रतिभालाई उजागर गर्न बिद्यार्थीका लेख, रचना र पत्रिका प्रकाशनलाई निरन्तरता दिने

★ दीर्घकालीन विकास र दिगो विकासकालागि आम्दानीका स्रोतहरुको खोजी गरी आयस्रोत बृद्धि गर्ने

★ आवश्यकता अनुसार कमजोर बिद्यार्थीहरुलाई अतिरिक्त कक्षा संचालन गरी उनीहरुको अध्यनमा सघाउ पुऱ्याउने

★ शिक्षक तथा कर्मचारीहरुको शिप बिकास गर्नकालागि समय सापेक्ष पुर्नताजगी कार्यक्रमहरु संचालन गर्ने

★ बिद्यार्थी छात्रबृती कार्यक्रमलाई निरन्तर तथा प्रभावकारी बनाउनकालागि बिभिन्न छात्रबृत्ति अक्षयकोषहरु खडागर्ने

★ क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई निरन्तर एब प्रभावकारी बनाउनकालागि यसै बर्ष २०७५ देखि गुनासो संकलन तथ समाधानको ब्यवस्थ गरिने ।

★ क्याम्पसमा पुर्णकालीन शिक्षक तथ कर्मचारीको संख्या बृद्धिगर्दै जाने र करार तथा आंशिक शिक्षक तथा कर्मचारीहरु को संख्या घटाउदै लगिने

★ प्रध्यापक कर्मचारीहरुलाई स्थायि गर्दै लगिने

★ यस क्याम्पसमा अध्ययन गरिसकेका बिद्यार्थीहरुको तथ्यांक संकलन गरी संजाल तयार गर्ने

**दीर्घकालीन चुनौतिहरु र समाधान गर्ने उपायहरु**

यस जनप्रकाश बहुमुखी क्याम्पसले विविध क्षेत्रमा देखा परेको समस्या र समाधानका उपायहरु निम्नाअनुसार उल्लेख गरिन्छ ।

**१ क्याम्पसमा सन्चालन गरिने बिषयहरु**

यस क्याम्पसमा हाल एक मात्र संकाय संचालनमा रहेको छ । यो संकाय र तहमात्र (BBS) ले क्याम्पसको विकास र बिस्तार नहुने हुँदा भविष्यमा Bachelor in Travel and Tourism Management ( BTTM), Bachelor in Hotel Management ( BHM) , MBS Semester System आदिको सम्बन्धन त्रि बि. बाट लिएर क्याम्पस बिकास गर्ने लक्ष्य लिईएको छ । यी बिषयका लागि त्रि. बि. मा आशयपत्र पेशगरी अनुमतिकालागि प्रयास गरिनेछ । आगामी ५ बर्ष भित्रमा यी बिषयहरुको सम्बन्धन अनुमति लिने र कक्षा संचालन गर्ने लक्ष्य लिईएको छ ।

**२ भौतिक संरचना**

क्याम्पसले आगामी ५ बर्ष भित्रमा सुबिधा सम्पन्न भवन मा १६ वटा कक्षा कोठालाई प्रशासनिक, अध्यापन गर्न, लाईब्रेरी तथा सभाहलको रुपमा ब्यवस्थित गर्नेछ। यसले पठन पाठनलाई थप सहयोग पुऱ्याउने छ। क्याम्पसमा चमेना गृहलाई ब्यवस्थित गरिने छ र अनुसन्धानकालागि स्थानको ब्यबस्था गरिनेछ । बोरिङ्गको पिउने पानीको ब्यबस्था गरिने छ । खेल मैदानकालागि क्याम्पस परिसर संगै रहेको लेखनाथ रंगशालालाई उपयोगमा ल्याईनेछ । त्यहा रहेको फुटवल ग्राउण्ड, बास्केटबल कोर्ट, ब्याडमिनटन कोर्ट, एथलेटिक्स आदिलाई अधिकतम उपयोग गरिनेछ ।

**३ आर्थिक अवस्था**

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सन्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अवस्थामा क्याम्पस सन्चालनकालागि आवश्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपूर्ण चुनौती रहेको छ। दातृ निकाय तथा संघसस्थाको खोजी गरी आर्थिक अवश्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ ।

**४ शिक्षक कर्मचारी सम्बन्धी ब्यवस्था**

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीह्रुको उत्प्रेरणा र सन्तुष्टि बिना कार्य सम्पादन प्रभावकारी नहुने हुदा कर्मचारीहरुको बृत्ति बिकासकालागि बिशेष कार्यक्रमहरु अगाडि बढाउनु पर्ने हुनाले प्रध्यापक तथा कर्मचारीहरुलाई पहिले पुर्णकालिन गराउने र त्यस पश्चात स्थायि गराईने नीति लिईनेछ ।

**५ बिद्यार्थी संख्या**

क्याम्पस संचालनको प्रमुख आधार भनेका बिद्यार्थी हुन । बिद्यार्थीहरु को संख्यामा बृद्धि गर्नु पर्ने अर्को चुनौती रहेको छ। आगामी १०बर्ष भित्रमा १०१० बिद्यार्थी संख्या पुऱ्याउने रणनितिक कार्यक्रम लिएर क्याम्पसलाई अगाडी बढाईने छ । त्यसकालागि निम्न अनुसारको संकायगत वा तहगत संरचना अनुसार क्याम्पसमा बिद्यार्थीहरुको संख्यात्मक बृद्धि गर्ने लक्ष्य लिईएको छ । क्याम्पसले यसका लागी थप कक्षा कोठा, पुस्तकालय को ब्यबस्था गर्नु पर्ने देखीन्छ ।

**क्याम्पसको भावी योजना र संकाय तथा बिद्यार्थीको १२ बर्षे प्रक्षेपण**

**Projected plan for next 12 years … ( Strategic plan 2073-2079)**

| Year | Level | MBS Semester | BTTM/BHM Semester | BBS First year | BBS Second year | BBS Third year | BBS Forth year | Total |
|---|---|---|---|---|---|---|---|---|
| 2074 | BBS | | 103 | 37 | 23 | 27 | 190 | |
| 2075 | BBS | | 105 | 70 | 30 | 23 | 228 | |
| 2076 | BBS | | 140 | 75 | 60 | 28 | 303 | |
| 2077 | BBS | | 150 | 85 | 50 | 25 | 310 | |
| 2078 | BBS | | 180 | 90 | 60 | 60 | 390 | |
| 2079 | BBS | | 180 | 100 | 70 | 60 | 410 | |
| 2080 | BBS | MBS | BTTM/BHM | 180 | 120 | 90 | 60 | 450 |
| 2081 | SEM I | 40 | 40 | 180 | 140 | 100 | 90 | 510 |
| 2082 | SEM II | 80 | 80 | 180 | 160 | 150 | 120 | 610 |
| 2083 | SEM III | 120 | 120 | 180 | 160 | 150 | 120 | 610 |
| 2084 | SEM IV | 160 | 160 | 180 | 160 | 150 | 120 | 610 |
| 2085 | SEM V | 160 | 200 | 180 | 160 | 150 | 120 | 810 |
| 2086 | SEM *VI* | 160 | 240 | 180 | 160 | 150 | 120 | 1010 |
| 2087 | SEM *VII* | 160 | 280 | 180 | 160 | 150 | 120 | 1050 |
| 2088 | SEM *VI* | 160 | 320 | 180 | 160 | 150 | 120 | 1090 |
| | **Total** | **160** | **320** | **180** | **160** | **150** | **120** | **1090** |

(**Remarks**: क्याम्पस संचालक समिति २०७७१११०७ को संचालक समितिको निर्णय बमोजिम आगामी बर्षहरुमा BBA, BHM, BTTM, MBA, MBS, LLB, BCA आदी संकाय र बिषयहरु थप गर्दै जाने, लेखनाथ क्षेत्रका सामुदायिक क्याम्पसहरुसँग सम्भव भएमा मर्जरमा जाने, स्वायत्तता प्राप्त क्याम्पसहरु सँग सहकार्य गर्ने निर्णय भएको)

**५ गुणस्तर बृद्धि**

पठन पाठन लाई समयानुकुल प्रभावकारी र गुणस्तरीय बनाउनकालागि विभिन्न बिधिहरुको प्रयोग गरिनेछ । यसले परीक्षाको नतिजामा सकारात्मक प्रतिफल ल्याउनेछ । यसका लागि श्रब्यदृस्य सामग्रीको प्रयोग, ईन्टरनेटमा सबैको पहुच, र आबस्यकता अनुसार थप कक्षा संचालन गरिनेछ । नतिजाको आधारमा प्रध्यापक कर्मचारीहरुलाई पुरस्कार र दण्डको ब्यबस्था गरिनेछ । अनुसन्धानमा रुची राख्ने शिक्षकहरुका लागि लघु अनुसन्धानका कार्यक्रमहरु संचालन गरिनेछ ।

**आर्थिक बर्ष २०७४।०७५ को क्याम्पसको रणनैतिक योजना**

- ★ क्यु ए ए प्राप्त क्याम्पसहरुको अवलोकन भ्रमण
- ★ पञ्चवर्षीय रणनीतिक योजना विश्वबिद्यालय अनुदान आयोगमा पेश गरिएको
- ★ त्रि. बि. बि. मा BTTM/ BHM, MBS संम्बन्धन अनुमति लिन पहल गरिएको
- ★ प्रध्यापकहरुको क्षमता अभिबृद्धि गर्नकालागि गोष्टीहरु आयोजना गरिएको
- ★ सूचनामा पहुच पुर्‍याउनका लागि क्याम्पसको आफ्नो बेभसाईड संचालनमा ल्याईएको

- ★ बिद्यार्थीहरुका गुनासाहरु समाधान गर्नकालागि गुनासो पेटीका राखिएका र त्यसलाई कारबाहीमा ल्याईएको
- ★ क्याम्पसको प्रथम तलाको भौतिक संरचना सम्पन्न गर्ने ।
- ★ उल्लेखीत कार्यहरु गर्नकालागि आ. ब मा बजेट बिनीयोजन गरिएको छ । अनुसुची ।

**क्याम्पसप्रति समुदायको योगदान Society's Contributions for Campus**

जनप्रकाश बहुमुखी क्याम्पसको स्थापना, संचालन र विकासमा समुदायको महत्वपुर्ण योगदान रहेको छ । कास्की जिल्लाको लेखनाथ क्षेत्रमा यो क्याम्पस पहिलो सामुदायिक क्याम्पस हो । यस क्याम्पसको संचालक समितिको गठन, संचालन र प्रर्बद्धनमा स्थानीय समूदायको महत्वपुर्ण योगदान रहेको छ । समय समयमा यस क्याम्पसलाई आर्थिक सहयोग देखि अन्य सहयोग समुदायले पुऱ्याईरहेको छ । समुदायको यो गदानलाई अडिट रिपोर्टमा पनि उल्लेख गरिएको छ ।

**२.४ अल्पकालीन र दिर्धकालीन चुनौतिहरु**

जनप्रकाश बहुमुखी क्याम्पसका विविध क्षेत्रमा देखापरेका समस्या समाधानका उपायहरु तल उल्लेख गरिएको छ । क्याम्पसले यी समस्याहरु समाधान गर्नकालागि उचित ध्यान दिएर काम गर्नेछ । सबै समस्याहरु एकैपटक समाधान गर्न सकिदैन । प्राथमिकताको आधारमा समस्याहरुको समाधान गरिनेछ ।

- ★ क्याम्पसमा हाल संचालित संकायहरुमा विद्यार्थीहरुको आर्कषणमा कम हुनु,
- ★ विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्था प्रतिस्पर्धा,
- ★ भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
- ★ सुविधायुक्त छात्रावासको व्यवस्था गर्न नसकिएको,

## Mitigation Measures Taken to Address the Issues and Meet the Challenges

**चुनौती न्युनिकरण गर्न अपनाईएका उपायहरु**

- ★ बिद्यार्थीहरुको भर्नालाई आकर्षक बनाउन का लागि भईरहेको BBS कार्यक्रमलाई आन्तरिक सेमेस्टेर मोडल मा लैजाने
- ★ बार्षिक कम्तीमा ३ बटा आन्तरिक परीक्षा संचालन गर्ने
- ★ नयां रोजगार मुलक बिषयहरु संचालनका लागि त्रि बि बि बाट सम्बन्धन लिने
- ★ नतिजाको आधारमा प्राध्यापक कर्मचारीलाई तलब तथा प्रोत्साहनको व्यवस्थागर्ने
- ★ बिद्यार्थीका गुनासो सुन्नका लागि गुनासो पेटीका राख्ने

**भविष्यमा संचालन गरिने बिषयहरु**

क्याम्पसमा हाल सन्चालनमा रहेका बिषयहरुमा बिद्यार्थीहरुको आर्कषण कम भएका कारण कतिपय बिषयहरु विद्यार्थीसंख्या कम भएर आगामी दिनमा संचालन गर्न नसकिने चुनौतीहरु रहेका छन । यसकालागि मुख्यतया पर्यटकीय नगरी पोखरा लेखनाथ लगायत कास्की को पूर्वी क्षेत्र, लमजुङ्ग, तनहु, स्याङ्गजा आदि दिनमा पेशागत र प्राबिधिक खालका विषयहरु थप गर्ने प्रयास गरिनेछ । आगामी ५ बर्ष भित्रमा स्नात्तक तहका कम्तीमा १ वटा कार्यक्रम र स्नात्तकोत्तर तहको कक्षा MBS संचालन गरिनेछ ।

## भौतिक संरचना

बर्तमान अवस्थामा यस जनप्रकाश बहुमुखी क्याम्पसको निर्माणाधिन भवनको अपुरो संरचनालाई पुर्णता दिइनेछ। दोस्रो तलामा ४ वटा कक्षा कोठाहरु थप गरिने छ। एक कम्पुटर प्रोजेक्टर जडान गरिएको आधुनिक खालको लाईब्रेरी र आवश्यक प्रशासनिक निकायको व्यवस्था गरिनेछ। क्यामपस उच्च शिक्षा सुधार परियोजनामा UGC मा छनोट भएको हुदा र क्याम्पसको आन्तरिक स्रोत तथा जनसहभागिता र स्थानीय सरकारको सहयोगमा भौतिक निर्माण काम गरिनेछ। पहिलो ५ बर्षमा क्याम्पसकमा रणनितिक योजना अन्तर्गत सुबिधा सम्पन्न कक्षा कोठाहरुको निर्माणलाई ध्यान दिइनेछ। चमेनागृह, पुस्तकालय, ल्याब, निर्माणकार्य सम्पन्न गर्नकालागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

## आर्थिक अवस्था

क्याम्पसको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनमा समेत नियमित आम्दानीको स्रोत पर्याप्त नभएको अबस्थामा क्याम्पस संचालनकालागि आवस्यक पर्ने साधन र स्रोत जुटाउनु पर्ने महत्वपुर्ण चुनौती रहेको छ। तसर्थ सरोकार वालाहरुसंग सहकार्य गरी अर्थिक सहयोगको कार्यलाई मजबुत बनाउदै अन्य दातृ निकाय एवम संघसस्थाको खोजी गरी आर्थिक अवस्थालाई सबल बनाउने कार्यमा जोड दिईनेछ।

## शिक्षक कर्मचारी सम्बन्धी ब्यवस्था

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरण र सन्तुष्टिबिना कार्य सम्पादन प्रभाबकारी नहुने हुदा कर्मचारीको बृत्ति बिकासका लागि बिशेष कार्यकमहरु संचालन गरिनेछन। पूर्णकालिन शिक्षकहरुलाई तथा कर्मचारीहरुलाई कमशः स्थायि गरिदै लागिने नीति लिईने छ। साथै पूर्णकालीन शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम न्युनतम तलबको ब्यवस्था गरिनेछ। बृत्ति विकासकालागि आवश्यक तालिम तथा अध्ययन मार्फत क्षमता अभिबृद्धि गर्नकालागि समेत क्याम्पसले ध्यान दिनेछ।

## गुणस्तर बृद्धि

क्याम्पसको पठन पाठनलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनकालागि आवश्यकता अनुसार थप कक्षा संचालन गर्नुपर्ने देखिन्छ। तसर्थ आगामी अर्थिक बर्षहरुमा नतिजाको स्तरलाई औषत आवश्यकता अनुसार क्याम्पसबाट आर्थिक सहयोग उपलब्ध गराईनेछ। आगामी बर्ष देखि नतिजाको आधारमा लघु अनुसन्धानका कार्यक्रमहरु समेत सञ्चालन गरिनेछन्।

## आर्थिक बर्ष २०७६।०७७ को रणनैतिक योजना

- ★ QAA सम्बन्धी कार्यलाई अगाडी बढाउनको लागी QAA प्राप्त क्याम्पसहरुको अवलोकन भ्रमण गर्ने
- ★ पञ्च बर्षीय योजना विश्वबिद्यालय अनुदान आयोगमा पेश गरीएको
- ★ प्रध्यापकको क्षमता अभिबृद्धिका लागि अनुसन्धान मुलक गोष्ठीहरु आयोजना गरिएको
- ★ क्याम्पसको आफ्नो बेभसाईट तयार गरी संचालनमा रहेको र सुचनाहरु निरन्तर अध्याबधिक गरिने
- ★ बिद्यार्थीका गुनासाहरु समेटनकालागि गुनासो पेटिका राखिएको

उल्लेखीत कार्ययोजना सम्पन्न गर्नकालागि आर्थिक बर्ष २०७६।०७७मा निम्नाअनुसारको बजेट बिनियोजन गरिएको छ।

## संस्थागत अवस्था विश्लेषण

बाह्र वर्ष पहिले स्थापित यस क्याम्पसमा आफ्नै सवल र दुर्वल पक्षहरु अझपनि विद्यमान रहेका छन् । यसका सवल पक्षहरुलाई अवलम्बन गरी यसका सम्भावना प्रति अग्रसर हुनुपर्ने आजको वास्तविकता हो । यस कारण क्याम्पसका आफ्ना राम्रा अवसर, सम्भावना र चुनौतिहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**२.१ सवल पक्षहरु**

★ आफ्नै स्वमित्वमा रहेको जग्गा जमिन साथै भवन,

★ पर्याप्त कक्षाकोठा, फर्निचर, स्टाफ कक्ष, शौचालय, खेलकुद मैदान, पार्किङ सुविधा

★ क्याम्पसका आफ्नै पूर्णकालीन शिक्षक तथा कर्मचारीहरू

★ क्याम्पसको आफ्नै विधान, विनियमद्वारा संचालन भै रहेको,

★ प्राध्यापक तथा कर्मचारीहरुलाई वृत्ति विकासका लागि समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागिताको अवसर साथै पदोन्नतिको व्यवस्था,

★ पर्याप्त अध्ययन कक्ष समेतको पुस्तकालयमा करिव २४५२ पुस्तकहरु,

★ अतिरिक्त क्रियाकलापको समुचित प्रवन्ध भएको,

★ त्रि.वि. सँग नवाझिने गरी तयार गरिएको क्याम्पसको आफ्नै शैक्षिक क्यालेण्डर, प्रोस्पेक्टस,

★ प्राज्ञिक उन्नयनका लागि क्याम्पसका शिक्षकहरुबाट नियमित जर्नल प्रकाशन,

★ क्याम्पस भित्र राजनैतिक, विवाद, पूर्वाग्रह नहुनु

★ क्याम्पसको सर्वाङ्गीण विकासका लागि प्रतिवद्ध, सामाजिक, प्राज्ञिक व्यक्तिहरुको संचालक समिति,

★ त्रि.वि.द्वारा लिइने वार्षिक परीक्षामा छिमेकी सामुदायिक क्याम्पसहरुको भन्दा उत्कृष्ट शैक्षिक नतिजा तथा त्रि.वि.को उत्तीर्ण प्रतिशत भन्दा बढी प्रतिशतमा नतिजा हासिल गर्न सफल,

★ प्रशासनिक तथा लेखा कार्य कम्प्युटर सफ्टवयरको प्रयोग गरी सु-व्यवस्थित गरिएको,

★ विद्यार्थीहरुको बुझाइ तथा मूल्याङ्कनका लागि आन्तरिक परीक्षाको व्यवस्था,

★ शिक्षण सिकाइलाई प्रभावकारी बनाउका लागि पाठ्यक्रम अनुसार मल्टिमिडिया प्रोजेक्टरबाट अध्यापन,

★ अतिरिक्त ज्ञानका लागि इन्टरनेट सहितको कम्प्युटर ल्याव,

★ अङ्ग्रेजी तथा नेपाली माध्यमका कक्षाहरु,

★ दक्ष तथा अनुभवी प्राध्यापकहरु,

★ शान्त र रमणिय स्थानमा अवस्थित क्याम्पस,

★ क्याम्पसका सरोकारवाला तथा विभिन्न दातृनियकाहरुबाट सहयोग सद्भाव प्राप्त

★ विद्यार्थीहरुको नेतृत्व विकास र प्रतिभाहरुलाई प्रस्फुटनका लागि विद्यार्थीहरुबाट मञ्चको गठन गरी सामाजिक, बौद्धिक लगायतका अतिरिक्त क्रियाकलापहरुको संचालन,

★ क्याम्पसमा विद्यार्थीहरुको युवा रेडक्रस सर्कल गठन गरी रक्तदान, गोष्ठि लगायतका कार्यक्रमहरुको संचालन,

### २.२ कमजोर पक्षहरु

★ विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको लागि क्याम्पस हाताभित्र चमेना गृह नभएको,
★ छात्र हरुको लागी सौचालय नभएको
★ विद्यार्थीहरुको यातायात सुविधाका लागि क्याम्पसको आफ्नै सवारी साधन नभएको,
★ छात्रावासको व्यवस्था नभएको,
★ क्याम्पसको आफ्नै सुविधायुक्त खेलमैदान (फुटवल, क्रिकेट) नभएको,
★ क्याम्पसको जगेडा कोष नहुनु,

### २.३ अवसर र सम्भावनाहरु

★ शैक्षिक कार्यक्रम विस्तार अन्तगर्त विभिन्न संकाय तर्फ थप विषयहरु संचालन गर्न सकिने,
★ स्नातकोत्तर तहका विभिन्न संकायका कार्यक्रमहरु संचालन गर्न सकिने,
★ प्राज्ञिक उन्नयनका लीग विभिन्न अध्ययन अनुसन्धानमुलक कार्यशाला गोष्ठीहरु संचालन गरी शैक्षिक गुणस्तरलाई थप मजबुत गर्न सकिने,
★ निरन्तर आर्थिक स्रोतको रुपमा संरक्षक संस्थाबाट सहयोग प्राप्त गर्न सकिने,
★ क्याम्पसको आफ्नै सुविधायुक्त खेलमैदान (फुटवल, क्रिकेट) नभएता पनि नजिकै रहेको लेखनाथ रंगशालाको खेल मैदानमा सम्झौत गरी खेल कार्यक्रमहरु संचालन गर्न सकिने,

### २.४ चुनौतिहरु

★ क्याम्पसमा हाल संचालित संकायहरुमा विद्यार्थीहरुको आर्कषणमा कम हुनु,
★ विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन प्राप्त निजी क्याम्पसहरुको अस्वस्थ प्रतिस्पर्धा,
★ भौतिक संरचना निर्माण तथा शैक्षिक कार्यक्रम विस्तारका लागि प्रर्याप्त आर्थिक जगेडा कोष नहुनु,
★ सुविधायुक्त छात्रावासको व्यवस्था गर्न नसकिएको,

### २.५ संस्थागत विकासका लागि प्राथमिकताका क्षेत्रहरु

★ संस्था सुदृढीकरण र सुशासन
★ शैक्षिक कार्यक्रम विस्तार र गुणस्तर वृद्धि
★ सुविधा सम्पन्न भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न तथा विस्तार
★ विद्यार्थीको पहुँच तथा सुविधामा वृद्धि
★ अनुसन्धान मुलक जर्नल प्रकाशन, अभिलेखीकरण कार्य संचालन,
★ दिगो आर्थिक स्रोतको व्यवस्थापन,
★ सरोकारवाला पक्ष र संस्थाहरुसँग सुमधुर सम्वन्ध विस्तार,
★ मानव संशाधन व्यवस्थापनका लागि आवश्यक तालिम, क्षमता बृद्धि कार्यक्रम

**Internal Quality Monitoring Cell Janaprakash Multiple Campus**

जनप्रकाश बहुमुखी क्याम्पसमा गुणस्तर निरिक्षण तथा अनुगमनका लागी निम्नअनुसार उपसमिति गठन गरि कार्य प्रारम्भ भएको छ ।

संयोजक पूर्व मेजर, रामप्रसाद गुरुङ्ग

सदस्य कृष्णराम भण्डारी

सदस्यकृष्ण प्रसाद तिवारी

सदस्यअर्जुन ओझा

| S.N | Committee | Co-ordinator | Status |
|---|---|---|---|
| 1 | Research Cell | Krishna Ram Bhandari | Lecture |
| | | Arjun Ojha | Member |
| | | Bishow Mohan Poudel | Member |
| | | Rabindra Nath Poudel | Member |
| 2 | SSR committee | Krishna Prasad Tiwari | Lecture |
| | | Binod Poudel | Member |
| | | Padam Thapa | Member |
| 3 | EMIS/Student counceling unit | Arjun Ojha | Lecture |
| | | Binod Poudel | Member |
| | | Padam Thapa | Member |
| | | Devaka Adikari | Member |

**जनप्रकाश बहुमुखी क्याम्पस २०७२।११।२८ देखीको संचालक समितिका पदाधिकारी तथा सदस्यहरु**

१ अध्यक्ष कृष्णहरी भण्डारी

२ उपाध्यक्ष पूर्व मेजर, रामप्रसाद गुरुङ्ग

३ सदस्य प्रा.डा. बेदनाथ शर्मा (त्रि बि प्रतिनिधि)

४ सदस्य राममणी अधिकारी (लेखनाथ नगरपालिका प्रतिनिधि )

५ सदस्य लेखनाथ उधोग बाणिज्यसंघ का प्रतिनिधि

६ सदस्य प्रतिनिधी, जनप्रकाश मा बि

७ सदस्य दिपक मणी भण्डारी

८ सदस्य कुमार सुनार

९ सदस्य मनदेवी गुरुङ्ग

१० सदस्य गिरीराज गौतम

११ सदस्य निर्मला पौडेल

१२ सदस्य दयाराज पौडेल

१३ सदस्य जंगबहादुर गुरुङ्ग

१४ सदस्य अर्जुन ओझा

१५ क्याम्पस प्रमुख ऋषिराम बुढाथोकी

## जनप्रकाश बहुमुखी क्याम्पस भवन निर्माण समिति

१ अध्यक्ष पूर्व मेजर रामप्रसाद गुरुङ्ग

२ सदस्य सुरेन्द्र अधिकारी

३ सदस्य मनदेबी गुरुङ्ग

४ सदस्य प्रेमकला आचार्य

५ सदस्य सचिव तथा क्याम्पस प्रमुख ऋषिराम बुढाथोकी

## आन्तरिक परिक्षा उपसमिति

१. रविन्दनाथ पौडेल - संयोजक

२. विश्वमोहन पौडेल - सदस्य

३. मनोज पौडेल - सदस्य

जनप्रकाश बहुमुखी क्याम्पस
पोखरा -२९, भण्डारढीक कास्की ।

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आ.व.२०७६/०७७

प्रस्तुतकर्ता
द्रोणराज अधिकारी
रजिष्टर्ड अडिटर्स
द्रोणराज अधिकारी एण्ड एसोसिएटस कास्की

द्रोणराज अधिकारी एण्ड एसोसिएट्स
पोखरा, ३१ कास्की
प्र.प.नं. ४३०ग,
संस्था द. नं ४०९५
सदस्यता नं. ३६५५
मो नं.: ९८४६८५९४६९

Drona Raj Adhikari & Associates Reg.No.4095 Registered Auditors Kaski

पान नं. ३००९४५६१४
मिति: २०७७।०६।२९

विषय:लेखापरीक्षण प्रतिवेदन पेश गरेको ।

श्रीमान् क्याम्पस प्रमूख ज्यु,
जनप्रकाश बहुमुखी क्याम्पस, कास्की

हामीले जनप्रकाश वहूमूखी क्याम्पस कास्कीको नियूक्ती पत्रानूसार २०७७ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आयव्यय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व क्याम्पस व्यवस्थापनमा रहेको छ । क्याम्पस व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।
लेखापरीक्षणको सर्वमान्य सिद्धान्त, प्रचलन र नेपाल लेखापरीक्षणमान समेतका आंधारमा लेखापरीक्षण सम्पन्न गरीएको छ । वित्तीय विवरण सारभुत रुपमा गलत आंकडा रहीत भएन भएको सम्बन्धमा विश्वस्त हुन ती सिद्धान्त, प्रचलन र मानबमोजिम लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । क्याम्पस व्यवस्थापनले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदानगर्ने कुरामा हामी विश्वस्त छौं ।

उपर्युक्त आधारमा लेखापरिक्षण गर्दा प्रमुख रुपमा देहायका कुराहरु देखिएका छन् ।

१। लेखापरीक्षण सम्पन्न गर्न आवश्यक पर्ने सुचना, स्पस्टिकरण र कैफियत भएका कुराको जवाफ समयमै प्राप्त भएको छ ।
२। संलग्न वित्तीय विवरणहरु संस्थाको लेखासंग दूरुस्त छन् ।
३। संस्थाका वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त, त्रि. वि. ऐन नियम तथा नेपाल् लेखामानले तोकेको ढाचामा राख्नू पर्दछ ।
४। संलग्न वित्तिय विवरणहरु संचालक समिति र साधारणसभावाट अनूमोदन गराउनू पर्ने देखियो ।
५। क्याम्पसको आर्थिक कारोवारको श्रेस्ता आन्तरिक लेखापरीक्षण गराउनू पर्ने देखिन्छ ।
६। संस्थालाइ क्याम्पस संचालक समितिका सदस्यहरु, कर्मचारीहरुले बेहिसाब गरेको वा हानी नोक्सानी गरे गराएको कुरा लेखापरीक्षणको क्रममा देखिन आएन ।
७। प्राप्त जानकारी र दिएका स्पष्टिकरण तथा परीक्षणका आधारमा संलग्न वित्तीय विवरणको २०७७ आषाढ मसान्तको आर्थिक स्थिति सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण वासलात सारभुत रुपमा प्रतिवेदनले निर्दिष्ट गरे वाहेक यथार्थ र समुचित चित्रण गर्दछ ।

द्रोणराज अधिकारी
रजिष्टर्ड अडिटर्स

Reg.No.4095 Registered Auditors Kaski

**जनप्रकाश बहुमुखि क्याम्पस**

**पोखरा - २९, कास्की**

**प्रमुख लेखा नीती तथा टिप्पणीहरु**

**आर्थिक बर्ष २०७६/२०७७**

**क. संस्थाको सामान्य परीचय**

यो सस्थालाई त्रिभुवन विश्व विद्यालय उपकुलपतिको कार्यलयको त्रि.वि कार्य परीषद्को २०६२-०४-१८ गतेको निर्णय अनुसार स्नातक तहमा वि.वि.एस् कार्यक्रम सञ्चालन गर्न स्वीकृत दिइएको छ । स्थानीय तहका विद्यार्थीहरुलाइ प्राथमिकता दिने गरी उच्च गुणस्तरीय शिक्षा उपलब्ध गराउने सामुदायीक मुनाफा रहित सस्था हो । यो सस्थाको विधान त्रि.वि. उपकुलपति को कार्यलय, योजना निर्देशनालय किर्तिपुरको पत्र सं. ८२१, फा. नं.०७५।०७६ मिति २०७५।१२।१७ को पत्र बाट त्रि.वि सम्बन्धन विनियम २०७३ को परिच्क्षेद १४(३५) वंमोजिम स्वीकृत भएको छ ।

**ख. प्रमुख लेखा नीतीहरु**

१. जनप्रकाश बहुमुखि क्याम्पसको वित्तीय विवरण लेखाका सर्वमान्य सिद्धान्त, नेपाल लेखामान तथा त्रि.वि. ऐन तथा नियमावली तथा विनियम अनुसार तयार पार्नुपर्दछ ।

२. निकायले गरेका आम्दानीहरुको लेखांकन गर्ने आधार प्रोदभावी वा नगद रहेको छ । सामान्यतया आयकर ऐन बमोजिम आम्दानीको लेखांकन प्रोदभावी आधारमा गरीनुपर्दछ ।

३. निकायले खर्चको लेखांकन गर्ने निति एक्रुयल आधार वा नगद लेखिनुपर्छ । सामान्यतया खर्चको लेखांकन एक्रुयल आधारमा गरीन्छ ।

४. स्थिर सम्पतीको ह्रास कट्टी घट्दो दर अनुसार गरीएको छ । सम्पत्तिमा ह्रास कट्टी आयकर ऐन २०५८ को अनुसुचीमा व्यवस्था भए अनुसारको दरले गणना गरीएको छ ।

५. आयकर गणनाको निति आयकर ऐन २०५८ ले निर्दिष्ट गरेबमोजिम भुक्तानीमा नियमानुसार अग्रीम कट्टा गरी दाखीला गर्ने निति लिएको छ । नाफारहित संस्था भएकाले आयकर व्यवस्था नभएको । संस्थाको उपल्लो निकायले आवश्यकता अनुसार मुल्यांकन गर्ने निति लिइएको छ । बर्षे पिच्छे मर्मत संभार र जिन्सी निरीक्षको अनुगमन गरीएको छ ।

**ग. लेखा सम्बन्धी टिप्पणीहरु**

१. लेखा विवरणहरु बर्षिक रुपमा पेस गरीएको नेपाल लेखामान तथा तोकीएको ढांचामा प्रतिवेदन पेस गर्नुपर्ने देखियो।

२. शिक्षक कर्मचारीहरुको अवकाश कोषको व्यवस्था नभएकाले श्रम ऐन बमोजिम गर्नुपर्ने देखियो ।

३. बार्षिक रुपमा जिन्सी निरीक्षण गरी सम्पतिको उचित व्यवस्थापन गर्नुपर्ने देखियो ।

४. भुक्तानीमा कट्टी गरीएका करहरु कोषको उचित व्यवस्थापन गरी तोकिएको समयमा दाखिला गर्नुपर्ने देखियो ।

५. गत बर्ष आम्दानी बाधिएको विद्यार्थी बाट उठ्न बांकी शूल्कहरु संचालक समितिको निर्णय बाट मिनाहा गर्नुपर्ने देखिन्छ ।

**द्रोणराज अधिकारी**

**रजिष्टर्ड अडिटर्स**

Reg.No.4095

Registered Auditors Kaski

**जनप्रकाश बहुमुखी क्याम्पस**
**पोखरा महानगरपालीका-२९,भण्डारढीक कास्की**
**आषाढ ३१, २०७७ को**

## स्थिति विवरण पत्र(वासलात)

| सि.नं. | दायित्व पुजि विवरण | अनुसुची | यस वर्षको रकम | गत वर्षको |
|---|---|---|---|---|
| क | **संचिती जगेडा तथा वचत कोष** | | २१,६३६,१९८.४१ | १७,५७७,००६.५८ |
| ख | कुल साहु तथा सापटी तिर्न पर्ने रकम | ९ | ३,४७२,२५२.८९ | ४,५७९,६६५.१४ |
| ग | धरौटी हिसाव | | | |
| १ | विद्यार्थी धरौटी शुल्क | | ३२६,०००.०० | १७४,०००.०० |
| २ | अन्य धरौटी | | २६७,९२७.६२ | १९६,०६८.०० |
| घ | चालु दायित्व | | | |
| १ | विभिन्न फर्म तथा पसललाइ तिर्न वाकी रकम | | - | १,२४०,०००.०० |
| २ | तलव भत्ता तिर्न वाकी रकम | | ७७०,४६८.२२ | १,४१८,५७१.०० |
| ३ | अन्य भुक्तानी वाकी | | | १,५५१,०२६.१४ |
| | जम्मा | | २५,१०८,४५१.३० | २७,३०९,२६३.६३ |
| | सम्पति विवरण | | | |
| १ | सम्पति किसिमका सामान हिसाव | १० | २२,४१८,७७९.०० | २१,०९०,३९८.४९ |
| २ | **चालु सम्पति** | | | |
| | नगद तथा बैक मौज्दात | ८ | ७४१,५७२.३० | ९५२,१९३.२३ |
| | उठाउन बाकी विद्यार्थी शुल्क | खाता अनुसार | १,७९३,१००.०० | ११४,०८०.०० |
| | भवन निर्माण पेश्की(के.वि.मेटल) | | १५५,०००.०० | - |
| | जम्मा | | २५,१०८,४५१.३० | २२,१५६,६७१.७२ |

हाम्रो आजको संलग्न प्रतिवेदनको आधारमा

| लेखापाल | क्याम्पस प्रमुख | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|
| देवका अधिकारी | ऋषिराम बुढाथोकी | कृष्णहरी भण्डारी | द्रोणराज अधिकारी |
| ACCOUNTANT | CAMPUS CHIEF | CHAIRMAN | Reg.No.4095 |

## जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा-२९, भण्डारढीक कास्की

आ.व. २०७६।०४।१ देखि २०७७।३।३१ सम्मको

### आय विवरण (नाफा नोक्सान हिसाव)

| सि.नं. | विवरण | अनुसुची | आ.व. २०७६।०७७ | आ.व. २०७५।०७६ |
|---|---|---|---|---|
| | **आम्दानी शिर्षक** | | | |
| | अनूदान सहयोग | २ | ६,०७८,४९१.९१ | ९२०,४७५.०० |
| | आन्तरिक श्रोत | ३ | ४,९८५,६५६.५२ | ६,०९४,८३२.५२ |
| | कूल आम्दानी जम्मा | | ११,०६४,१४८.४३ | ७,०१५,३०७.५२ |
| | **खर्च तर्फ** | | | |
| | **खर्च शिर्षक** | | | |
| | शैक्षिक खर्च | ४ | ४,७८३,२१५.९९ | ४,३७८,८६५.०० |
| | संचालन खर्च | ५ | ५२०,६०७.९३ | ३१२,३६२.२१ |
| | ह्रासकट्टी | | १,७०१,१३२.६८ | १,१७९,१००.२८ |
| | जम्मा खर्च | | ७,००४,९५६.६० | ५,८७०,३२७.४९ |
| | संचालन वचत वा (नोक्सान) | | ४,०५९,१९१.८३ | १,१४४,६८०.०३ |
| | आयकर व्यवस्था | | - | |
| | खुद वचत (नोक्सान) | | ४,०५९,१९१.८३ | १,१४४,६८०.०३ |
| | गत बर्षसम्मको बचत तथा पूजी कोष | | १७,५७७,००६.५८ | १६,४३२,३२६.५५ |
| | कूल जम्मा वासलातमा सारेको | | २१,६३६,१९८.४१ | १७,५७७,००६.५८ |

हाम्रो आजको संलग्न प्रतिवेदनको आधारमा

| लेखापाल | क्याम्पस प्रमुख | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|
| देवका अधिकारी | ऋषिराम बुढाथोकी | कृष्णहरी भण्डारी | द्रोणराज अधिकारी |
| ACCOUNTANT | CAMPUS CHIEF | CHAIRMAN | Drona Raj Adhikari & Associates, Registered Auditors Kaski, Reg.No.4095 |

## जनप्रकाश बहुमुखी क्याम्पस

**पोखरा महानगरपालीका-२१, भण्डारढिक, कास्की**

**आ. व. २०७६।०७७ को प्राप्ती र भुक्तानी विवरण**

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| सि.न. | विवरण | रकम | सि.न | विवरण | रकम |
| १ | अ.ल्या. बैंक तथा नगद | ९५२,१९३.२३ | १ | शैक्षिक खर्च | ३,८८२,५४०.२७ |
| २ | आन्तरिक श्रोत | २,८८६,३०५.२७ | २ | क्याम्पस संचालन खर्च | ५०५,६०७.९३ |
| ३ | अनुदान सहयोग | ६,०७८,४९१.९१ | ३ | भौतिक निर्माण तथा खरीद | १,०१७,३०४.०२ |
| ४ | धरौटी | ३१३,८५९.६२ | ४ | ऋण र सापटि भुक्तानी गत वर्षको | ३,८२८,८२५.५१ |
| ५ | ऋण लिएको रकम | १,८७०,०००.०० | ५ | धरौटी फिर्ता | १००,०००.०० |
| | | | | ऋण भुक्तानी | १,८७०,०००.०० |
| | | | | भवन निर्माण पेश्की | १५५,०००.०० |
| | जम्मा प्राप्त रकम | १२,१००,८५०.०३ | | जम्मा भुक्तानी | ११,३५९,२७७.७३ |
| | | | | **मौज्दातको अवस्था** | |
| | | | | ने. बैं. लि. मुद्दती खाता | ६५०,०००.०० |
| | | | | ने. बैं. लि. चल्ती खाता | १९,०८०.६३ |
| | | | | रा बा बैंक | १४,०९३.२९ |
| | | | | ग्लोवल आइ एम इ वैंक | ५८,३९८.३८ |
| | | | | | ७४१,५७२.३० |
| | | १२,१००,८५०.०३ | | कूल जम्मा | १२,१००,८५०.०३ |

हाम्रो आजको संलग्न प्रतिवेदनको आधारमा

| लेखापाल | क्याम्पस प्रमुख | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|
| देवका अधिकारी | ऋषिराम वुढाथोकी | कृष्णहरी भण्डारी | द्रोणराज अधिकारी |
| ACCOUNTANT | CAMPUS CHIEF | CHAIRMAN | Reg.No.4095 |

जनप्रकाश बहुमुखी क्याम्पस
पोखरा महानगरपालीका - २९, भण्डारढीक कास्की
अषाढ ३१ २०७७ को

## नगद प्रवाह विवरण

| सि.न. | विवरण | आ.व. २०७६।०७७ | आ.व.२०७५।०७६ |
|---|---|---|---|
| १ | **संचालन गतिविधिवाट नगद प्रवाह** | | |
| | **आयकर पछिको खुद नाफा(नोक्सानी)** | ४,०५९,१९१.८३ | १,१४४,६८०.०३ |
| | ह्रास कट्टी | १,७०१,१३२.६८ | १,१७९,१००.२८ |
| | तिर्नुपर्ने हिसावमा थपघट | (१,१०७,४१२.२५) | ३,२५७,१३८.६४ |
| | पाउनु पर्ने हिसावमा थप वा घट | (१,८३४,०२०.००) | (११४,०८०.००) |
| | कोषमा थप वा घट | | |
| | अन्य दायित्यमा (ह्रास) वृद्धी | | ६२,८८०.०१ |
| | **संचालन गतिविधिवाट नगद प्रवाह** | २,८१८,८९२.२६ | ५,५२९,७१८.९६ |
| २ | **लगानी गतिविधिवाट नगद प्रवाह** | | |
| | लगानीमा (ह्रास) वृद्धी | | |
| | स्थिर सम्पतिमा विकी (खरिद) | (३,०२९,५१३.१९) | (५,८००,४७६.७७) |
| | **लगानी गतिविधिवाट नगद प्रवाह** | | |
| ३ | **वित्तिय गतिविधिवाट नगद प्रवाह** | | |
| | शेयर पुजिमा वृद्धी | | |
| | **वित्तिय गतिविधिवाट नगद प्रवाह** | | |
| | नगदमा भएको खुद नगद वृद्धि वा कमि | (२१०,६२०.९३) | (२७०,७५७.८१) |
| | बर्ष आरम्भमा बैंक नगद मौज्दात | ९५२,१९३.२३ | १,२२२,९५१.०४ |
| | बर्षान्तमा बैंक नगद मौज्दात | ७४१,५७२.३० | ९५२,१९३.२३ |

लेखापाल
देवका अधिकारी
ACCOUNTANT

क्याम्पस प्रमुख
ऋषिराम बुढाथोकी
CAMPUS CHIEF

अध्यक्ष
कृष्णहरी भण्डारी
CHAIRMAN

रजिष्टर्ड अडिटर्स
द्रोणराज अधिकारी

**जनप्रकाश बहुमुखी क्याम्पस**

पोखरा महानगरपालिका-२९,भण्डारढीक, कास्की

आ. व.२०७६।०७७ को अनूसूची विवरण

| विवरण | अनूसूची | २,०७६.०७७ | | २,०७५.०७६ |
|---|---|---|---|---|
| शुरु मौज्दात बैंक तथा नग | १ | | | |
| नेपाल बैंक लिमिटेड मुद्धती खाता | | ६५०,०००.०० | | ६५०,०००.०० |
| नेपाल बैंक लिमिटेड चल्ती खाता | | ३१,९६६.३८ | | ३४,५०६.७६ |
| कामना विकास बैंक | | ५,७१८.०० | | ५,७१८.०० |
| यस बि आइ बैंक | | १९५,७५७.७३ | | १७,१५२.७३ |
| एपेक्स एन. सि.सि बैंक वचत खाता | | ६,३४०.७४ | | ६,३४०.७४ |
| रा बा बैंक | | ६२,४१०.३८ | | ५०९,२३२.८१ |
| नगद मौज्दात | | – | | – |
| जम्मा | | ९५२,१९३.२३ | | १,२२२,९५१.०४ |
| **आम्दानी तर्फ** | | | | |
| **अनुदान सहयोग** | २ | | | |
| विश्व विद्यालय अनुदान आयोग(नियमित) | | ५४७,४५०.०० | ५४७,४५०.०० | ६७०,४७५.०० |
| विश्व विद्यालय अनुदान आयोग | | ५,५३१,०४१.९१ | ५,५३१,०४१.९१ | २५०,०००.०० |
| **जम्मा** | | ६,०७८,४९१.९१ | ६,०७८,४९१.९१ | ९२०,४७५.०० |
| **आन्तरिक श्रोत** | ३ | | | |
| विवरण | | प्राप्ती रकम | आम्दानी रकम | गत बर्ष |
| बिद्यार्थी भर्ना शुल्क | | ९६०,६००.०० | ९६०,६००.०० | ९२२,०००.०० |
| मासिक शिक्षण शुल्क | | १,१५१,०००.०० | २,८९०,४००.०० | २,०९५,२८०.०० |
| प्रमाण पत्र शुल्क | | ३६,०००.०० | ३६,०००.०० | ९३,२००.०० |
| परिक्षा शुल्क | | ३४७,०००.०० | ३४७,०००.०० | ६२०,२००.०० |
